का.जि.प्र.का.द.नं. १००/०५९/६०
१० जेठ २०८२,
शनिबार
24 May, 2025
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १११ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

### बन्दी प्रत्यक्षीकरणको निवेदन खारेज
# रविलाई थुनामै राख्ने आदेश



**उच्चदेखि सर्वोच्चसम्म**

| | |
|---|---|
| २२ चैत | : थुनामा पठाउन उच्च अदालत तुलसीपुरको आदेश |
| २२ चैत | : राति पक्राउ |
| २३/२४ चैत | : रूपन्देही प्रहरीको हिरासतमा |
| २५ चैत | : भैरहवा कारागार चलान |
| २९ चैत | : उच्च अदालतको आदेशविरूद्ध निवेदन |
| ७ वैशाख | : बन्दी प्रत्यक्षीकरणको रिट दर्ता |
| ८ वैशाख | : पहिलो सुनुवाई, हेर्न नमिल्ने |
| ९ वैशाख | : कारण देखाउ आदेश |
| २८ वैशाख | : हेर्न नमिल्ने |
| ३० वैशाख | : हेर्न नमिल्ने |
| ३१ वैशाख | : हेर्न नमिल्ने |
| ४ जेठ ४ | : हेर्न मिल्नेमा पेसी तोक्न आदेश |
| ५ जेठ | : हेर्न नमिल्ने |
| ६, ७ र ८ जेठ | : हेर्दाहेर्दैमा |
| ९ जेठ | : कारागारमै राख्न आदेश |

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ जेठ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेलाई थुनामा राख्ने उच्च अदालत बुटवल इजलासको आदेशलाई सर्वोच्च अदालतले सदर गरेसँगै उनी थुनामै रहने भएका छन् ।

शुक्रबार सर्वोच्च अदालतका न्यायाधीशद्वय नहकुल सुवेदी र बालकृष्ण ढकालको संयुक्त इजलासले लाामिछानेलाई रिहा गर्न अस्वीकार गरेको हो ।

लामिछानेलाई गैरकानुनी थुनामा राखिएको भन्दै उनकी पत्नी निकिता पौडेलले पेस गरेको बन्दी प्रत्यक्षीकरणको निवेदन खारेज गरेको छ । सर्वोच्चले उच्च अदालत तुलसीपुरको बुटवल इजलासको आदेश सदर गर्दै रवि र पूर्व प्रहरी नायब महानिरीक्षक छविलाल जोशीलाई थुनामा पठाउने आदेश सदर गर्ने आदेश गरेको जनाएको छ ।

बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणमा जिल्ला अदालत रुपन्देहीले लामिछानेलाई धरौटीमा रिहा गरेको थियो । तर, २२ चैतमा उच्च अदालत पृष्ठ २ मा

### तीनकुने घटना प्रकरण
# १०८ जनामाथि मुद्दा चलाउन राय



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ९ जेठ ।

- १५ जेठअघि नै प्रतिवादीहरुमाथि अदालतमा मुद्दा दर्ता गरिने
- राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री धवलशम्शेर राणालगायतलाई अदालतमा उपस्थित गराइने
- दुर्गा प्रसाईंसहित ८ जनालाई हत्यासम्बन्धी कसुरमा अभियोजन गर्नुपर्ने प्रहरीको राय
- १५ जेठमा सुरक्षा व्यवस्था चुस्त बनाइने

१५ चैतमा काठमाडौंको तीनकुनेमा राजावादीहरूले गरेको आन्दोलनलाई हिंसात्मक बनाएर जनधनको क्षति पुर्‍याएको अभियोगमा १०८ जनामाथि मुद्दा चलाउनुपर्ने प्रहरीले राय पेस गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंले करिब २ महिना लामो अनुसन्धानपश्चात् जिल्ला सरकारी वकिल कार्यालयलाई १०८ जनामाथि मुद्दा चलाउनुपर्ने रायसहितको प्रतिवेदन शुक्रबार बुझाएको हो ।

आरोपीहरूविरुद्ध प्रहरीले राज्यविरुद्धको कसुर, आपराधिक उपद्रव, ज्यानसम्बन्धी कसुर, ज्यान मार्ने उद्योग र संगठित अपराधसम्बन्धी कसुरमा अनुसन्धान गरेर प्रतिवेदन बुझाएको जनाएको छ ।

हिंसात्मक प्रदर्शनका क्रममा पक्राउ परेका र प्रहरीको खोजी सूचीमा रहेकाविरुद्धको अनुसन्धान सकेर प्रहरीले प्रतिवेदन बुझाएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिए ।

'यो घटनामा १०८ जनालाई प्रतिवादी बनाउनुपर्ने रायसहितको फाइल हामीले सरकारी वकिल कार्यालयलाई बुझाएका छौं', एसपी बोहराले भने, 'पक्राउ परेकाहरूलाई कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, राजद्रोहको कसुर, आपराधिक उपद्रव, संगठित अपराधलगायतको मुद्दा चलाउनुपर्ने रायसहितको प्रतिवेदन पेस भएको छ ।' प्रहरीको उक्त अनुसन्धान प्रतिवेदन अध्ययन गरेपछि कसलाई कस्तो मुद्दा चलाउने, को-को प्रतिवादी हुने भन्ने यकिन टुंगो लगाएर प्रक्रिया अघि बढाइने सरकारी वकिल कार्यालयले जनाएको छ । पृष्ठ २ मा

# सरकारी खर्च घटाउन अब ७० वर्षमा वृद्ध भत्ता
### सामाजिक सुरक्षा भत्ता लिन राष्ट्रिय परिचयपत्र अनिवार्य

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ९ जेठ ।

सरकारले वृद्ध भत्ता लिने उमेर २ वर्ष थप गर्ने भएको छ । अब ७० वर्षको उमेरमा वृद्ध भत्ता दिने सरकारको तयारी छ ।

पूर्वसचिव रामेश्वर खनाल नेतृत्वको उच्चस्तरीय आर्थिक सुझाव आयोगको रायका आधारमा तयार पारिएको आर्थिक सुधार कार्यान्वयन कार्ययोजनाअनुसार वृद्ध भत्ता अब ७० वर्षको उमेर पुगेपछि मात्र दिइने छ ।

प्रतिवेदनअनुसार वृद्ध भत्ता पाउने उमेर ७० वर्ष पुर्‍याउने र भत्ता पाउन राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने कार्ययोजना स्वीकृत गरिएको छ ।

उमेर घटाउने र प्राप्त गर्ने रकम बढाउँदा सामाजिक सुरक्षाका लागि ढुकुटीको अधिक प्रयोग हुन थालेसँगै सरकारले वृद्ध भत्ता पाउने उमेर बढाउने तयारी गरेको हो ।

खनाल संयोजकत्वको आयोगले वृद्ध भत्ता पाउने उमेर ६८ बाट ७० वर्ष पुर्‍याउने, दलित र एकल महिलाले भत्ता पाउने उमेर ६० बाट ६५ वर्ष बनाउने, ऐनमा व्यवस्था भएबाहेक अन्य भत्ता बजेटमार्फत घोषणा नगर्ने र आगामी ५ वर्ष वृद्ध भत्ता नबढाउने सुझाव दिएको छ ।

सरकारले अहिले ६८ वर्ष उमेर पुगेका सबै जेष्ठ नागरिकलाई मासिक ४ हजार रुपैयाँ भत्ता उपलब्ध गराउँदै आएको छ ।

दलित ज्येष्ठ नागरिक, साविक कर्णाली क्षेत्र, विधवा, सम्बन्धविच्छेद वा विवाह नगरेकी एकल महिलाको हकमा ६० वर्षमा भत्ता दिइँदै आएको छ । त्यस्तै, लोपोन्मुख आदिवासी जनजाति, पूर्ण तथा अतिअशक्त अपांगतालाई पनि मासिक भत्ता दिइन्छ ।

आयोगको कार्ययोजनाअनुसार भत्ताका लागि राष्ट्रिय परिचयपत्र पनि अनिवार्य गरिने छ । यसको कार्यान्वयनको समय सीमा १ वर्ष तोकिएको छ ।

मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले आगामी १ वर्षभित्र वृद्ध भत्ता पाउने उमेर ७० वर्ष कायम गर्ने कार्ययोजना स्वीकृत गरेको हो ।

शेरबहादुर देउवा नेतृत्वको सरकारले १५ जेठ २०७९ मा सार्वजनिक गरेको बजेटमा वृद्ध भत्ता पाउने उमेर घटाएर ६८ वर्षमा झारेको थियो । यही कारणले मात्र वार्षिक २० अर्ब रुपैयाँको दायित्व थपिएको पञ्जीकरण विभागको भनाइ थियो ।



> सामाजिक सुरक्षा कार्यक्रम लोकप्रियतावादी नीतिका रूपमा ल्याइए पनि यसले आमनागरिकलाई सन्तुष्ट बनाउन सकेको छैन
>
> **रामेश्वर खनाल**
> पूर्व अर्थ सचिव

निर्वाचनको समयमा दलहरूले वृद्ध भत्ता बढाउने तथा उमेर घटाउने काम गरेका थिए । १५ जेठ २०७८ मा तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले बजेट ल्याउने क्रममा वृद्ध भत्ता ४ हजार रुपैयाँ पुर्‍याएका थिए ।

आयोगले आगामी ५ वर्ष वृद्ध भत्ता नबढाउन र न्यूनतम उमेर ७० कायम गर्न सुझाव दिएको थियो । त्यस्तै, दलित र एकल महिलाले भत्ता पाउने उमेर पनि ६० बाट बढाएर ६५ पुर्‍याउन सुझाव दिइएको थियो ।

दलित र एकल महिलाले भत्ता पाउने उमेर ६५ पुर्‍याउने तथा ५ वर्ष वृद्ध भत्ता नबढाउने विषयमा कार्ययोजना प्रतिवेदनमा केही उल्लेख गरिएको छैन । सरकारले प्रतिवेदनका आधारमा पृष्ठ २ मा

# कृष्णनगरमा खुलेआम राजस्व छली

**शहवाज खान/मध्यान्ह**
कृष्णनगर, ९ जेठ ।

रुपन्देहीको कृष्णनगरको भारतसँग जोडिएको सीमावर्ती क्षेत्रमा खुलेआम राजस्व छली भइरहे पनि सुरक्षा निकाय मौन देखिएका छन् ।

सीमाबाट दैनिकजसो ट्रक भरिएको सामान बिनाजाँच सीमा पार गरिरहे पनि निगरानी गर्ने जिम्मेवारी लिएका सुरक्षा निकायको प्रभावकारी उपस्थिति भने देखिँदैन ।



बिहीबार राति करिब साढे ९ बजे करिब साढे ५ टन कबाड बोकेको लु१ख ६२३९ नम्बरको ट्रक कृष्णनगर बजारबाट लोड गरी बिना कुनै बिल सजिलै सुरक्षाकर्मीहरूको चेकप्वाइन्ट पार गर्दै बहादुरगन्ज पुगेको थियो ।

बहादुरगन्ज नाकामा ट्रक रोकेर जाँच गर्दा कुनै बिल वा कागजात नदेखिएपछि हतारमा ओम सिद्ध बाबा ट्रेडर्स नामको फर्ममार्फत विजया श्री स्टील प्रा. लि., शिवराज- ६ का नाममा बिल बनाइएको खुलेको छ ।

सवारी कर बिल भने ट्रक गुडेको दिनको नभई अर्को दिन बिहान ७:५५ बजे मात्र काटिएको पाइएको इलाका प्रहरी कार्यालय बहादुरगन्जका प्रमुख नायब निरीक्षक खिमबहादुर जीसीले जानकारी दिए ।

घटना भएकै रात त्यसबारेमा बुझ्न सशस्त्र प्रहरी बलका नायब उपरीक्षक तथा गुल्म प्रमुख अरुण सिंहलाई सम्पर्क गर्दा उनले 'सुतिसकेको छु, भोलि कुरा गरौं' भन्ने जबाफ दिएका थिए ।

इलाका प्रहरी कार्यालय कृष्णनगरका प्रमुख प्रहरी निरीक्षक ईश्वर लौडारीले भने ट्रकमा कबाड नभएको दाबी गर्दै सीसीटीभी फुटेज हेरेर मात्र निष्कर्ष निकाल्न सकिने बताए । पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# अख्तियारको छापापछि विभागको चेतावनी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ जेठ ।

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगार व्यवसायीलाई मात्रै कामदार पठाउने अनुमति रहेको भन्दै गैरकानुनीरूपमा वैदेशिक रोजगारमा कामदार पठाए कारबाही गर्ने चेतावनी दिएको छ ।

अखितयार दुरुपयोग अनुसन्धान आयोगले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयमा छापा मारेर कागजात जफत गरी अनुसन्धान सुरु गरिरहेको अवस्थामा विभागले शुक्रबार विज्ञप्ति जारी गर्दै उक्त चेतावनी दिएको हो ।

विभागले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न वा कुनै पनि नेपाली कामदारलाई कामदारका रूपमा विदेश पठाउन वैदेशिक रोजगार ऐनबमोजिम विभागमा दर्ता भएका संस्थाले मात्र पाउने बताएको छ ।

विभागले हाल शैक्षिक कन्सल्ट्यान्सी, ट्राभल एजेन्सी, तालिम प्रदायक संस्था, भाषा प्रशिक्षण केन्द्र, व्यक्तिलगायतले नेपाली कामदारलाई वैदेशिक रोजगारीमा पठाइदिने भन्दै विज्ञापन गर्ने, त्यसको आधारमा राहदानी र रकम संकलन गर्ने गरेको पाइएको भन्दै गैरकानुनी हिसाबमा वैदेशिक रोजगारीमा पठाउनेहरूलाई टोली खटाइ नियमित तथा आकस्मिक अनुगमन गर्ने जनाएको छ ।

विभागले वैदेशिक रोजगारका राहदानी र अन्य कागजात संकलन गर्ने र नक्कली कागजात तयार गरी विदेश पठाउने गरिएका उजुरी र जनगुनासो दैनिकरूपमा आउने गरेको समेत विज्ञप्तिमा उल्लेख गरेको छ ।

विभागमा संथागत उजुरी घटेको भएपनि व्यक्तिगत उजुरी अस्वभाविकरूपमा बढेको देखिएको छ । सरकारले सामाजिक सञ्जालमा वैदेशिक रोजगारका विज्ञापन गर्न प्रतिबन्ध लगाएपनि आकर्षक र झुटा आश्वासनका विज्ञापन बनाएर बेरोजगार युवायुवतीलाई ट्र्यापमा पार्ने गिरोहहरू सक्रिय देखिएका छन् ।

उनीहरूले यूएईस्थित स्पेनिस कम्पनी र युरोपका क्रोसिया, अल्बानिया, लिथुवानिया, सर्बिया, बेलारूस, रोमानियालगायतका देशमा रोजगारीको पृष्ठ २ मा

### विभागमा करिब ४४ सय उजुरी

**काठमाडौं/मस-** वैदेशिक रोजगार विभागमा व्यक्तिगत ठगीको उजुरीको ओइरो लाग्ने गरेको छ । विभागका अनुसार गत साउनदेखि वैशाख महिनासम्म विभागमा व्यक्तिगत ठगीका ४ हजार ३९१ उजुरी परेका छन् । त्यसमा करोडौंको बिगो छ ।

विभागका कर्मचारीहरू ठगीका ५० हजारदेखि ११ करोडसम्मका उजुरी परेको बताउँछन् । वैशाख महिनामा मात्रै ५५७ वटा उजुरी परेको विभागले जनाएको छ । यस हिसाबले विभागमा दैनिक २२ देखि २४ वटा उजुरी दर्ता हुने गरेको देखिन्छ । तर अनुसन्धान र अभियोजनका लागि जनशक्ति थोरै रहेको छ । अनुसन्धान र अभियोजनका लागि १ जना निर्देशक र ४ जना कर्मचारी मात्रै कार्यरत रहेका छन् ।

प्रत्येक दिन डेढ दर्जन व्यक्तिलाई म्याद थप, बयान र मुद्दा दर्ता गर्नुपरेका कारण विभाग अत्यन्तै चापमा रहेको अनुसन्धान तथा मुद्दा शाखाका निर्देशक भिमसेन काफ्ले बताउँछन् ।

# जनताले फालिसकेको राजतन्त्र अब फर्किंदैन : प्रधानमन्त्री

**काठमाडौं/मस-** प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले जनताको हक अधिकार र मुलुकको स्वाधिताको रक्षा गर्दै सबै प्रकारको प्रतिगमनका कुचेष्टा रोक्ने अभियानको अग्रभागमा एमाले पार्टी रहेको बताएका छन् ।

राष्ट्रिय युवा संघ नेपालको १० औं राष्ट्रिय महाधिवेशनको शुक्रबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले जनताको कुण्डलीमा राजतन्त्र फर्कने कुनै भविष्यवाणी नभएकाले त्यस्तो गलत सपना नदेख्न आग्रह गरे ।

नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति जगमान गुरुङले पूर्व राजा ज्ञानेन्द्र शाहको कुण्डली हेरेर चाँडै राजतन्त्र फर्कने जस्ता हल्ला फिँजाएको उल्लेख गर्दै उनले भने, 'पूर्वराजाको कुण्डली मात्रै हेरेर हुँदैन । जनताको कुण्डली हेर्नुपर्छ । ज्योतिषीहरुले मेरो कुण्डली पनि हेरे हुन्छ । राजसिंहासनको कल्पना अब हुन्न । नेपाली जनताले फालिसकेको राजतन्त्र अब



फर्कन्न । राजतन्त्रविरुद्ध लडेका हामी यस देशमा छँदैछौँ, प्रतिगमनका त्यस्ता सपना नदेख्न म आग्रह गर्छु ।' 'प्रधानमन्त्रीलाई भाग्न हेलिकोप्टरको सुविधा दिने जस्ता उत्ताउलो कुरा पनि गरेका छन् । म भन्न चाहान्छु, कुनै पनि प्रतिगमनको कुचेष्ठालाई धुलो पिठो बनाइन्छ । त्यस्ता प्रयास रोग्ने अग्रभागमा युवा संघ आउनुपर्छ। कुनै पनि समय हामी त्यस्ता प्रयासलाई नियन्त्रण गर्न अगाडि बढ्नुपर्ने हुन्छ । तयारी अवस्थामा रहन म सबैलाई आग्रह गर्छु', प्रधानमन्त्री ओलीले भने, 'एमालेमाथि आन्तरिक र बाह्य पक्षहरु तथा विरोधीहरुको केन्द्रीकृत र चौतर्फी आक्रमण गरेका छन् । एमालेले गल्ती गरेको भए अहिले हामी जुन ठाउँमा छौं, त्यस ठाउँमा आउन दिने थिएनन् । हामी सही नीति, सुशासन र विकासका निम्ति काम गर्ने पार्टी हो । एमालेको पक्षमा बोल्दा झोले भनेर हहतोत्साहित गर्नेहरुको भ्रम र अन्योलमा नपरी आफ्ना कर्तव्य पूरा गर्न म आग्रह गर्दछु ।' उनले एमालेका योगदानलाई बिर्साउने प्रयास गरिएको टिप्पणी गर्दै एमालेको नेतृत्वमाथि केन्द्रीकृत गरेर अनुचित झुटा लाञ्छना र आरोप लगाउने काम भइरहेकाले त्यस्ता भ्रम फिजाउन खोज्ने प्रयासहरुलाई तोड्न सबै देशभक्त र एमालेहरु एकजुट हुनुपर्नेमा जोड दिए ।

प्रधानमन्त्री ओलीले राजनीति कहिल्यै नगरेको र राजनीतिक थाहै नपाएका व्यक्तिको हातमा राजनीति जाँदा मुलुकमा अस्थिरता आएकाले स्थिरता र सुशासनका लागि एमाले र कांग्रेसको सरकार बनेको बताउँदै सरकार ढल्यो भनेर कराइरहेकाहरुलाई अबको १४ महिनापछि आफूले राजीनामा गरेर कांग्रेसका सभापति शेरबहादुर देउवालाई हस्तान्तरण गरी आफूहरु सरकारमा रहेर निर्वाचन गराउने स्पष्ट पारे ।

# 'निराश हुन आवश्यक छैन'

**गलकोट (बागलुङ)/मस-** नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ले नेपालमा केही भएन भन्ने निराशा त्याग्न आमजनतालाई आग्रह गरेका छन् । नेपाल समृद्धउन्मुख रहेकाले नेपालमा केही भएन भन्ने निराशाको अन्त्य गर्दै स्थानीय उत्पादन, घरेलु उद्योग र आत्मनिर्भर कृषि प्रणाली अपनाउन आवश्यक रहेकामा उनले जोड दिए ।



माओवादी केन्द्रले थालेको मध्यपहाडी लोकमार्ग जनजागरण अभियानका क्रममा शुक्रबा। बागलुङ बजारमा आयोजित जनसंवाद कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले मध्यपहाडी लोकमार्गले आर्थिक समृद्धिसँग यहाँका जनतालाई जोडेको बताए। उनले मध्यपहाडी पुष्पलाल लोकमार्ग आफ्नै प्रस्तावमा अघि बढेको उल्लेख गर्दै आयोजना छिट्टै सक्न आवश्यक रहेको बताए ।

अध्यक्ष दाहालले मध्यपहाडी जनजागरण अभियानमा आमनागरिकका गुनासा र सुझाव ग्रहण गर्दै माओवादी केन्द्र नयाँ ढङ्गले अघि बढ्ने बताए । दलित, किसान, मजुदर, उत्पीडित वर्गलगायतका समस्या सम्बोधन गर्ने पार्टी माओवादी केन्द्र मात्रै भएको उनको भनाइ थियो ।

'लोकमार्गले सबैभन्दा बढी भाग समेटिएको बागलुङमा विकासको ढोका खुला भएको छ, सडकले आर्थिक समृद्धिमा जोड्न मद्दत गर्दछ, बागलुङको अछेते-गलकोट सुरुङमार्गको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अघि बढेको छ, गलकोट-म्याग्दी जोड्ने सडक निर्माण भए यहाँका जनतालाई फाइदा पुग्ने छ', अध्यक्ष दाहालले भने, 'खानै नपुगेर विदेश जाने वातावरणको अन्त्य गर्न आवश्यक छ, सरकारले वातावरण बनाओस्, मैले साथ दिन्छु, तर नेपालमा केही पनि भएन भन्ने कुरा भ्रम मात्रै हो ।'

नेपालको मुख्य समस्या भ्रष्टाचार रहेको उल्लेख गर्दै अध्यक्ष दाहालले भ्रष्टाचार निर्मूल पार्न माओवादी केन्द्रको सरकार आवश्यक रहेको बताए। जनसंवाद कार्यक्रममा उठेका शिक्षा, उद्यम तथा सहकारी समस्याका विषयमा उनले जवाफ दिएका थिए । बिहीबार बागलुङको पातीहाल्नेबाट सुरु भएको जनसंवाद जागरण अभियान बुर्तिबाङ, गलकोट र ताराखोलामा सम्पन्न भएको छ ।

**रविलाई...**

तुलसीपुरको बुटवल इजलासले लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश गरेको थियो ।

सोही रात प्रहरीले बूढानीलकण्ठस्थित निवासबाटै अनुसन्धानका लागि भनेर पक्राउ गरी जिल्ला प्रहरी परिसर काठमाडौंको हिरासतमा राखेर अर्को बिहान रुपन्देही लगिएको थियो। २५ चैतमा जिल्ला अदालतमा उपस्थित गराई लामिछानेलाई जिल्ला कारागार रुपन्देही चलान गरिएको थियो ।

उनलाई जिल्लाले १ करोड रुपैयाँ धरौटीमा छाड्न आदेश गरेकामा उनी धरौटी बदर माग गर्दै उच्च पुगेका थिए । तर, उच्चले जिल्लाको आदेश उल्टाएको थियो । उच्चबाट पुर्पक्षका लागि कारागार पठाउने आदेश भएपछि २९ चैतमा निकिताले निवेदन दर्ता गराएकी थिइन् ।

९ वैशाखमा न्यायाधीश अब्दुल अजिज मुसलमानको इजलासले लामिछानेको बन्दी प्रत्यक्षीकरणको निवेदनमा कारण देखाऊ आदेश जारी गरेको थियो । वैशाखमा ४ पटक र जेठमा २ पटक हेर्न नमिल्ने भएपछि गत मंगलबारदेखि न्यायाधीशद्वय सुवेदी र ढकालको इजलासमा लामिछाने र पूर्वडीआईजी छविलाल जोशीले दायर गरेको निवेदनसहित ३ निवेदमाथि निरन्तर सुनुवाइ भइरहेको थियो ।

सर्वोच्चको यो आदेशपछि जिल्ला अदालत रुपन्देहीबाट सुप्रिम सहकारी ठगीको मुद्दा नटुंगिदासम्म रवि थुनामा हुने छन् । जिल्ला अदालतले सफाइ दिएमा मात्र उनी थुनामुक्त हुने छन् तर, त्यतिबेलासम्म अरू आरोपबाट पनि उनले सफाइ पाउनुपर्ने छ ।

**१०८...**

संगठित अपराधको कसुरमा पक्राउ परेकालाई ६० दिनभित्र अदालतमा मुद्दा दर्ता गरिसक्नुपर्छ । सो कानुनी प्रावधानअनुसार १५ जेठअघि नै प्रतिवादीहरूमाथि अदालतमा मुद्दा दर्ता गरिसक्नुपर्ने भएकाले आइतबार मुद्दा दर्ता गरिने सरकारी वकिल कार्यालयले जनाएको छ ।

मुद्दा चलाउनुपर्ने राय दिइएकामध्ये अहिले ५३ जना हिरासतमा छन् भने बाँकी केही पक्राउ पर्न बाँकी छन् । तीमध्ये केही प्रतिवादीलाई प्रहरीले हाजिरी जमानीमा हिरासतबाहिरै राखेर अनुसन्धान गरिरहेको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री धवलशम्शेर राणालगायत केही प्रतिवादीहरू हाजिरी जमानीमा छाडेर हिरासतबाहिरैबाट अनुसन्धान गर्दै आएको प्रहरीको भनाइ छ । मुद्दा दर्ता भएपश्चात् उनीहरूलाई अदालतमा उपस्थित गराउने तयारी रहेको प्रहरीले जनाएको छ ।

१५ चैत २०८१ मा विवादास्पद मेडिकल व्यवसायी दुर्गा प्रसाईंको नेतृत्वमा राजसंस्था पक्षधरहरूले प्रदर्शन गरेका थिए । उक्त प्रदर्शनले एकाएक हिंसात्मक रूप लिँदा २ जनाको ज्यान गएको थियो भने दर्जन घरहरूमा ढुंगामुढा हुँदा ठूलो क्षति भएको थियो । आन्दोलनकारीले व्यक्तिगत घरमा आगजनी गरेर पूर्ण क्षति गरेका थिए ।

सोही घरबाट फुटेज खिचिरहेका एभिन्युज टेलिभिजनका क्यामेरापर्सन सुरेश रजकको मृत्यु भएको थियो भने अर्का सविन महर्जनको प्रहरीको गोली लागेर मृत्यु भएको थियो ।

उक्त हिंसात्मक प्रदर्शनको राति नै काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले राप्रपाका सांसद राणा र वरिष्ठ उपाध्यक्ष मिश्रलाई पक्राउ गरेको थियो । आन्दोलनका मुख्य कमान्डर भनिएका दुर्गा प्रसाईंलाई भने केही दिनपछि भारतबाट पक्राउ गरी झापा हुँदै काठमाडौं ल्याइएको थियो ।

प्रसाईंलाई हत्यासम्बन्धी कसुरमा अभियोजन गर्नुपर्ने प्रहरीको राय छ । उनीसहित ८ जनाविरुद्ध ज्यानसम्बन्धी कसुरमा अभियोजन गर्नुपर्ने राय दिएर जिल्ला सरकारी वकिल कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाइएको अनुसन्धानमा संलग्न एक प्रहरी अधिकृतले बताए ।

'आगजनी गर्नेहरू र दुर्गा प्रसाईंसहित ८ जनालाई हत्या मुद्दा चलाउनुपर्ने हाम्रो राय छ', ती अधिकृतले भने । आगजनीमा संलग्न रामेछापको सुनापति गाउँपालिका घर भएका २२ वर्षीय सरोज गौतम र अछाम पञ्चदेवल नगरपालिका- ५ घर भएका २० वर्षीय गोकर्ण शाही उर्फ अनुपविक्रम ठकुरीलाई पनि हत्या मुद्दामा अभियोजन गर्नुपर्ने प्रहरीको राय छ ।

पूर्वपञ्च नवराज सुवेदी नेतृत्वको 'राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समिति'को ब्यानरमा भएको उक्त प्रदर्शनको नेतृत्व गर्ने प्रसाईंले बाग्मती प्रदेश-०२७च३८४७ नम्बरको गाडी हुइँक्याउँदै प्रहरीको घेरा तोडेर बानेश्वरतर्फ अघि बढेपछि हिंसा भड्किएको प्रहरीको प्रतिवेदनमा उल्लेख छ । प्रहरीले मञ्चमा अश्रुग्यास प्रहार गरेसँगै सभा बिथोलिएको र प्रदर्शनकारीहरू तोडफोडमा उत्रिएका थिए।

अवाञ्छित गतिविधि गरेको आरोपमा प्रदर्शनस्थलबाट १८६ जना पक्राउ परेकामा ९६ जनालाई सोही दिन रिहा गरिएको थियो । राज्यविरुद्धको कसुरमा म्याद थप भएका २६ जना र आपराधिक उपद्रव कसुरमा म्याद थप भएका २७ जना अहिले हिरासतमा छन् ।

अनुसन्धानका क्रममा ३७ जनालाई हाजिर जमानीमा रिहा गरिएको एसपी बोहराको भनाइ छ । 'राज्यविरुद्धको कसुरमा अनुसन्धान गरिएकामध्ये ३ जना अनुसन्धानका क्रममा रिहा भएका थिए', उनले भने ।

प्रतिवादीहरूको संख्या ठूलो भएपछि परिसरले प्रहरी प्रधान कार्यालयको अपराध अनुसन्धान विभाग, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय रानीपोखरी, काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकु र जिल्ला प्रहरी परिसर ललितपुरबाट थप टोली मगाएर अनुसन्धान गरेका थियो ।

**१५ जेठमा सुरक्षा व्यवस्थामा कडाइ**

नेपाल प्रहरीले आगामी १५ जेठमा राजावादीहरूले गर्ने प्रदर्शनलाई लक्षित गरेर सुरक्षा व्यवस्था कडा गर्ने योजना तयार पारेको छ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले सम्पूर्ण सुरक्षा तयारी गरिएको र कुनै जनधनको क्षति नहुनेगरी सुरक्षा व्यवस्था व्यवस्थित र कडाइ गरिएको बताए ।

काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रवक्ता तथा एसएसपी शेखर खनालले सुरक्षा कडा पारिएकाले कुनै अप्रिय घटना नहुने दाबी गरे । यसअघि गत १५ चैतमा राजावादीहरूले तीनकुनेमा गरेको प्रदर्शन हिंसात्मक बनेको घटनालाई मध्यनजर गर्दै आगामी आन्दोलनमा सुरक्षा व्यवस्था चुस्त बनाइएको उनको भनाइ छ।

आन्दोलनमा हुन सक्ने अवाञ्छित हर्कतको सूक्ष्म रूपमा अध्ययन गरेर आवश्यक कारबाही अघि बढाउन खटिने सम्पूर्ण टोलीलाई निर्देशन प्रहरी प्रधान कार्यालयले दिएको छ ।

**सरकारी...**

तयार पारेको कार्ययोजनाले आर्थिक सुधारका अतिरिक्त संस्थागत, नीतिगत, कानुनी सुधार, राजस्व, सार्वजनिक संस्थान, सामाजिक सुरक्षा, वित्तीय संघीयता, सहकारी, पुँजी बजार, व्यावसायिक तथा लगानीको वातावरण, सूचना तथा संचार प्रविधि, भौतिक पूर्वाधार, कृषि, वन, जग्गा तथा खानी, शिक्षा, स्वास्थ्य, अनुसन्धान तथा विकासलगायतका विविध क्षेत्रलाई समेटेको छ ।

**वार्षिक सवा २ खर्ब खर्च**

विशेषगरी अनिवार्य दायित्वको बोझ निरन्तर बढेपछि यसलाई कम गर्ने उपाय सरकारले खोजिरहेको छ। सरकारले वार्षिक सवा २ खर्ब रुपैयाँ सामाजिक सुरक्षा कार्यक्रममा खर्च गरिरहेको छ ।

सरकारले योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा फराकिलो बनाउने भनेको छ। यसका लागि भने समय सीमा तोकिएको छैन । आगामी बजेटबाट सामाजिक सुरक्षा भत्ताको दुरुपयोग, दोहोरोपन रोक्नसमेत प्रयास गर्ने अर्थ मन्त्रालयको तयारी छ ।

केही वर्षअघिसम्म वार्षिक औसत १८ देखि २० प्रतिशतको राजस्व वृद्धि दर हुने गरेकामा पछिल्ला ३ वर्षमा यो चक्र भत्किएको छ ।

सार्वजनिक ऋणको साँवा-ब्याज भुक्तानीमा ठूलो रकम खर्च भइरहँदा सरकारलाई केही क्षेत्रमा खर्च कटौती गर्नुपर्ने बाध्यता छ। यसमध्ये सामाजिक सुरक्षा खर्च प्रमुख दायित्व बनेको छ ।

आयोगको प्रतिवेदनअनुसार विभिन्न सामाजिक सुरक्षा कार्यक्रममा वार्षिक झण्डै २ खर्ब १९ अर्ब रुपैयाँभन्दा बढी खर्च हुन्छ।

यी कार्यक्रमले सार्वजनिक क्षेत्रका निजामती कर्मचारी, सेना, प्रहरी, शिक्षक, केही सार्वजनिक संस्थानका श्रमिक र कर्मचारी, जेष्ठ नागरिक, विधवा, असहाय, अशक्त, एकल महिला, दलित, लोपोन्मुख आदिवासी तथा जनजातिलाई समेट्छ ।

त्यस्तै, सामाजिक संरक्षणमा गरिने खर्च तथा विभिन्न किसिमका सहुलियतहरू पनि यसअन्तर्गत पर्छन् ।

अर्थ मन्त्रालयका एक अधिकारीले भने, 'सामाजिक सुरक्षा खर्च साँच्चै भारी भएको छ । हामीले विश्राम लिने अवस्था छैन ।'

सामाजिक सुरक्षा भत्ता कसरी कम गर्ने, व्यवस्थित गर्ने र स्रोत जुटाउने भन्नेमा आर्थिक वर्ष २०८२/०८३ को बजेट निर्माणका क्रममा अर्थ मन्त्रालयले छलफल गरिरहेको छ ।

आयोगका अध्यक्ष तथा पूर्वसचिव खनाल सामाजिक सुरक्षा कार्यक्रम लोकप्रियतावादी नीतिका रूपमा ल्याइए पनि यसले आमनागरिकलाई सन्तुष्ट बनाउन र युवालाई नेपालमै बस्न प्रेरित गर्न नसकेको टिप्पणी गर्छन् ।

अर्थतन्त्रको आकारको तुलनामा नेपाल दक्षिण एसियामा धेरै सामाजिक सुरक्षा खर्च गर्ने देशमा पर्छ । राष्ट्रिय योजना आयोगको अध्ययनअनुसार दक्षिण एसियाली राष्ट्रहरूमा बंगलादेशको शून्य दशमलव ७, भुटानको १ र भारतको १ दशमलव ४ प्रतिशत यस्तो खर्च अनुपात छ ।

आर्थिक वर्ष २०७३/७४ मा सामाजिक सुरक्षामा चालु खर्चको ७.३ प्रतिशत हिस्सा खर्च भएकोमा २०८०/८१ मा बढेर १९.६७ प्रतिशत पुगेको छ। यसबाट स्रोतमा अधिक चाप पुगेको सरकारको निष्कर्ष छ ।

आर्थिक वर्ष २०८०/८१ मा सरकारको कुल अनिवार्य दायित्व खर्च ११ खर्ब ५२ अर्ब ४० करोड ५९ लाख रुपैयाँ पुगेको थियो । जसमा सामाजिक सुरक्षा र सहायता रकम मात्र २ खर्ब २६ अर्ब ६८ करोड ३५ लाख रुपैयाँ रहेको छ ।

चालु आर्थिक वर्ष २०८१/८२ मा सरकारले १९ खर्ब ६० अर्ब रुपैयाँको बजेट कार्यान्वयन गरेको छ। यसमध्ये सामाजिक सुरक्षामा २ खर्ब १३ अर्ब रुपैयाँ विनियोजन गरिएको छ । जुन कुल बजेटको ११.५० प्रतिशत हिस्सा हो ।

सरकारले आव २०७९/८० बाट वृद्धभत्ता पाउने उमेर ६८ वर्षमा झारेको थियो। त्यसअघि उमेर सीमा ७० वर्ष थियो। तत्कालिन अर्थमन्त्री जनार्दन शर्माले बजेट प्रस्तुत गर्दै सामाजिक सुरक्षा भत्ता नलिने स्वघोषणा गर्नेलाई सम्मान गर्ने समेत बताएका थिए । तर, दोहोरो सुरक्षा लिने लाभग्राही कति छन् भन्ने यकिन तथ्यांक समेत राज्यसँग छैन ।

**बढ्दै लाभग्राही**

नेपालीको औसत उमेर बढ्ने र सरकारले भत्ता बुझ्ने उमेर ६८ वर्षमा झारेसँगै पछिल्लो एक दशकयता वृद्धभत्ता बुझ्ने लाभग्राही संख्या ह्वात्तै बढेको देखिन्छ । अहिले कुल ३७ लाख ७७ हजार ५ सय ७९ जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्छन् ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका अनुसार सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीमध्ये सबैभन्दा धेरै संख्या वृद्धभत्ता पाउनेको छ ।

अहिले वृद्धभत्ता पाउने लाभग्राहीको संख्या १६ लाख ९२ हजार १ सय ६३ छ । दलित वृद्धभत्ता पाउने लाभग्राही १ लाख ६३ हजार ७६ छन् । ज्येष्ठ नागरिक एकल महिला भत्ता बुझ्ने लाभग्राही १ लाख ६९ हजार ६ सय ८९, ज्येष्ठ नागरिक तोकिएको क्षेत्र (कर्णाली) भत्ता बुझ्ने १७ हजार २ सय ४३, विधवा ४ लाख १३ हजार ८ सय ६४ र क्षेत्र तोकिएका बालबालिका ७ लाख ४७ हजार ९४ छ ।

त्यस्तै पूर्णअपांगता ६९ हजार ७ सय ७, अतिअशक्तता १ लाख ५० हजार, लोपोन्मुख बालबालिका ४७, दलित बालबालिका ३ लाख ३२ हजार १ सय ७६ र लोपोन्मुख जातिका २२ हजार १७ जनाले सरकारबाट सामाजिक सुरक्षा भत्ता बुझ्ने गरेका छन् ।

**यसरी सुरु भएको थियोम भत्ता दिने कार्यक्रम**

नेपालमा २०५२ सालमा तत्कालीन नेकपा एमाले अध्यक्ष मनमोहन अधिकारी नेतृत्वको सरकारले ज्येष्ठ नागरिकलाई मासिक भत्ता दिने नीति ल्याएको थियो । चरम गरिबीमा रहेको तत्कालीन समाजमा यो कार्यक्रम निकै लोकप्रिय भयो । यसको लाभ एमाले आजसम्म पनि लिइरहेको छ ।

त्यसपछि दलहरूबीच वृद्धभत्तालाई लोकप्रिय बन्ने माध्यम बनाउने होडबाजी चल्यो । तत्कालीन एमालेका अर्थमन्त्री भरतमोहन अधिकारीले १ सय रुपैयाँ वृद्धभत्ताको घोषणा गरेका थिए। २०५७/५८ सम्म एकै दरमा रहेको भत्ता रकम नेपाली कांग्रेसका तत्कालीन अर्थमन्त्री महेश आचार्यको पालामा बढाइएको थियो । त्यो वर्ष ५० रुपैयाँ थप गरर यस्तो रकम १ सय ५० रुपैयाँ पुर्याइएको थियो । यसको ३ वर्षपछि भरतमोहन अधिकारीले नै २०६१/६२ मा यस्तो रकममा थप २५ रुपैयाँले बृद्धि गरेर १ सय ७५ रुपैयाँ पुर्याए ।

२०६५/६६ मा माओवादीका अर्थमन्त्री डा. बाबुराम भट्टराईले भत्तामा बढाएर ५ सय रुपैयाँ बनाए । त्यसको ७ वर्षपछि पुनः नेपाली कांग्रेसका अर्थमन्त्री डा. रामशरण महतको पालामा आएर बढ्यो । बाबुराम भट्टराईले दिने घोषणा गरेको भन्दा दोब्बरले यो रकम बढेर १ हजार रुपैयाँ पुर्याइयो । २०७२/७३ मा एमालेका विष्णु पौडेलले दोब्बरले बढाएर वृद्धा भत्ताको रकम २ हजार पुर्याए । पुनः त्यसलाई १ हजार रुपैयाँले बढाएर एमाले सरकारका अर्थमन्त्री डा. युवराज खतिवडाले ३ हजार रुपैयाँ पुर्याए। एमालेका अर्थमन्त्री विष्णु पौडेलले २०७८/७९ मा त्यसलाई थप १ हजारले बढाएर ४ हजार रुपैयाँ पुर्याए। पछिल्लो २९ वर्षको बीचमा ८ पटक वृद्धभत्ता बढेको छ ।

# प्रमुख १० अपराधमा बैंकिङ कसुर पहिलो स्थानमा

काठमाडौं/मस- प्रमुख १० अपराधमध्ये पहिलो स्थानमा बैंकिङ कसुरका मुद्दा देखिएको छ । प्रहरी प्रधान कार्यालयले शुक्रबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा दिइएको जानकारी अनुसार प्रहरीले छुट्याएको मुख्य १० अपराधमा बैंकिङ कसुर पहिलो स्थानमा परेको हो ।



त्यसपछि सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा र सुविधासम्बन्धी अपराध, आत्महत्या, लागुऔषध, चोरी, जबर्जस्ती करणी, ठगी, सवारी ज्यान, ज्यान मार्ने उद्योग र बहुविवाह छन् ।

बैंकिङ कसुरका मुद्दामात्रै ११ हजार ४८ दर्ता रहेको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले जानकारी दिए । उनका अनुसार उक्त विवरण पछिल्लो १० महिनाका हुन् । त्यसपछि सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा र सुविधासम्बन्धी कसुरमा छ हजार ८८४ वटा मुद्दा दर्ता भएका छन् ।

लागुऔषधका चार हजार ४१, चोरीका दुई हजार ९४०, जबर्जस्ती करणीका एक हजार ८२८, ठगीका एक हजार ७५०, सवारी ज्यानसम्बन्धी, एक हजार ५५७, ज्यान मार्ने उद्योगमा ८९४ र बहुबिवाहसम्बन्धी ४५४ वटा मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ ।

प्रहरीले सार्वजनिक गरेको विवरणमा कूल ४६ हजार ८८९ मुद्दा दर्ता भएकामा प्रमुख १० अपराधका मात्रै ७८ दशमलव ५१ प्रतिशत रहेको जनाएको छ ।

प्रवक्ता थापाले उक्त तथ्यांक विश्लेषण गर्दा औसतमा दैनिक अपराधसम्बन्धी १५६ वटा मुद्दा दर्ता हुने गरेको बताए । उनले जनचेतना, प्रहरीको सक्रियता तथा प्रहरीप्रतिको विश्वासमा अपराधको उजुरी दिने क्रम बढेको तथ्यांकले देखाएको दाबी गरे ।

**अख्तियारको...**

अवसर र आवासीय अनुमति (पीआर) ग्यारेन्टी भन्दै आकर्षक भाषा शैलीमा सामाजिक सञ्जालका ह्वाट्सएप र टिकटकमार्फत विज्ञापन गरी ठगी गर्ने गरेको पीडितहरू बताउँछन् । यस्ता विज्ञापनबाट प्रभावित भएर युरोपेली मुलुकमा रोजगारीमा जान चाहने युवायुवतीले ठूलो रकम गुमाएका छन् । कतिपयले वैदेशिक रोजगारमा वर्षौंदेखि कमाएको रकम पनि युरोप पुग्ने आशमा दलाललाई सुम्पिएर बिचल्लीमा परेको देखिएको छ ।

सामाजिक सञ्जालको विज्ञापनमा ठगी गर्ने गिरोहले दुईदेखि तीन हप्तामै काम हुने झुटो आश्वासन बाँड्ने गरेका छन्। सुरुमा ह्वाट्सएपमा जोडिएर थप कुराकानी गर्दै उनीहरूले 'वर्क पर्मिट'का लागि ह्वाट्सएपबाटै फोटो खिचेर कागजात र रकम माग गर्ने र कतिपयले नेपालमै बैंक खातामा ६ लाख रूपैयाँसम्म जम्मा गर्न लगाउने गरेको पीडितहरू बताउँछन् ।

ठगहरूले अफर लेटर आइसकेको र एक साताभित्र सबै प्रक्रिया पूरा गरी युरोप जान सकिने भन्दै थप रकम पठाउनुपर्ने दबाब दिने गरेको ठगीमा परेका पीडितहरूको भनाइ छ। कतिपयले भिजिट भिसामा यूएई गएका आकर्षक अनुहारका युवतीहरूलाई समेत प्रयोग गर्ने गरेको देखिएको छ । ठगीका अनेक जाल, प्रपञ्च गरेर रकम हात परेपछि ठगी गिरोहले पीडितहरूलाई सामाजिक सञ्जालमा ब्लक नै गरेर सम्पर्कविहीन हुने गरेका कारण अफर लेटरका नाममा रकम पठाउनेहरू बिचल्लीमा पर्ने गरेको पीडितहरूको भनाइ छ ।

युरोपको रोजगारीका नाममा काठमाडौंदेखि यूएईसम्म ठगीको सञ्जाल निर्माण हुनुमा नेपाली राजदूतावास र कुटनैतिक नियोगहरू जिम्मेवार रहेको र त्यसलाई नियन्त्रण गर्न सुशासन ऐन प्रयोग गरेर वैदेशिक रोजगार विभागमा नै मागपत्र प्रमाणीकरण गरिनुपर्ने व्यवसायीहरूले माग राख्दै आएका छन् ।

**कृष्णनगरमा...**

स्रोतका अनुसार ओम श्री साई सिद्ध बाबा सप्लायर्स, चन्द्रौटा र अरुण कबाड सेन्टरले प्रतिदिन कबाड बिनाबिल आपूर्ति गर्दै आएका पाइएको छ । गहिराइमा हेर्दा यो गतिविधि व्यापारी र सुरक्षाकर्मीबीचको लामो समयदेखि चल्दै आएको सिन्डिकेटको परिणाम भएको स्रोत बताउँछ ।

**कुवेतमा रोजगार**

कम्पनी: KIDS FUN LAND SNACK FOOD CO
पूर्व स्वीकृत मितिः २०८२/०२/०९
चलानी नं.: ६०२३८३८२
शहरः KUWAIT
LT. No.: 324459

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 0 | 9 | स. काममा दक्ष | 125 | ५५,९३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |


अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ १७ गते (31 May 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

HABiBi International Recruitment Pvt.Ltd.
Gov Lic No: 1666/080/081
पिंगलास्थान, काठमाडौं, नेपाल । फोन नं: ०१-४५९५१७१ E-mail : info@habibirecruitment.com
Website:www.habibirecruitment.com

# चीनलाई २ वटा गैंडा उपहार दिइने




**काठमाडौं/मस–** चीन भ्रमणमा रहेका वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीसँग चीनको राष्ट्रिय वन तथा घाँसेमैदान प्रशासनका प्रशासक लिउ गुओहोङले भेटवार्ता गरेका छन् ।

त्यस अवसरमा मन्त्री शाहीले नेपाल र चीनबीचको ऐतिहासिक सम्बन्धबारे चर्चा गर्दै चीनको एक घनिष्ट मित्र, विकास साझेदार र असल छिमेकीका रूपमा नेपालले सम्बन्धलाई उच्च महत्व र प्राथमिकता दिएको उल्लेख गरेको उनको सचिवालयले जनाएको छ । दुई देशबीच विभिन्न तहमा हुने नियमित भ्रमण आदानप्रदानले विद्यमान सम्बन्धलाई थप सुदृढ बनाउँदै लगेको उनको भनाइ थियो ।

मन्त्री शाहीले मानव-वन्यजन्तु द्वन्द्व, पारिस्थितिक प्रणाली पुनर्स्थापना, विपद् जोखिम न्यूनीकरण र मरुभूमि तथा सीमान्तकृत भूमिको पुनरुत्थान, बाँस र बेतको आनुवंशिक सुधारमा संयुक्त सहकार्य, काठ प्रशोधन, बाँस र बेतका उत्पादनहरू विकास, वन्यजन्तु पालन आदिमा चीनबाट प्राविधिक सहयोगलगायत विषयमा सहकार्यका लागि आग्रह गरेका थिए । उनले नेपालबाट २ वटा गैंडा हस्तान्तरण गर्ने प्रक्रियालाई अन्तिम रूप दिने कार्य अघि बढेको अवगत गराए ।

चीनको बेइजिङमा अन्तर्राष्ट्रिय बाँस तथा बेत सङ्गठन (इन्बार) परिषद्को १३औं बैठकको अध्यक्षता गर्न शाही चीन भ्रमणमा गएका हुन् । नेपाल हाल इन्बारको अध्यक्ष राष्ट्र हो । मन्त्री शाहीले इन्बारको संस्थापक सदस्य तथा १३औं परिषद्को अध्यक्षका रूपमा नेपाल यसका कार्यक्रमहरू र १३औं परिषद् बैठकको नतिजा कार्यान्वयन गर्न तथा सहयोगका थप अवसरहरू खोज्न सबै सदस्य राष्ट्रहरूसँग सहकार्य गर्न इच्छुक रहेको उल्लेख गरेका थिए ।

सन् १९९७ मा स्थापित अन्तर्राष्ट्रिय बाँस तथा बेत सङ्गठन एक अन्तरसरकारी विकास संगठन हो, जसले बाँस तथा बेतको प्रयोग गरी वातावरणीय रूपमा दिगो विकासलाई प्रवर्द्धन गर्दछ ।

# नेपाल विश्व स्वास्थ्य संगठनको कार्यकारी सदस्यमा निर्वाचित




**काठमाडौं/मस–** नेपाल विश्व स्वास्थ्य संगठनको कार्यकारी सदस्यमा सर्वसम्मत निर्वाचित भएको छ । जेनेभामा जारी संगठनको ७८औं महासभाका क्रममा नेपाल दक्षिणपूर्वी एसिया क्षेत्रबाट सदस्यमा सर्वसम्मत भएको हो ।

अब नेपाल ३ वर्ष संगठनको कार्यकारी समितिमा रहनेछ । निर्वाचित भएलगत्तै स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले यो नेपालका लागि स्वास्थ्य सेवा सुधारमा आफ्ना असल स्वास्थ्य अभ्यासको प्रसार र विश्वका असल अभ्यासको अनुकरणको ठूलो अवसर भएको उल्लेख गरेका छन् ।

मन्त्री पौडेलले यसका लागि सबै नेपालीलाई बधाई समेत दिएका छन् ।

नेपालले आगामी वर्ष आप्रवासी श्रमिकको स्वास्थ्यका लागि रोजगारदातालाई जिम्मेवार बनाउन संकल्प प्रस्ताव लैजाने तयारी गरेको मन्त्री पौडेलले बताए । यसले नेपाली श्रमिक तथा विश्वभरका श्रमिकको स्वास्थ्यका पक्षमा महत्वपूर्ण योगदान पुग्ने उनले विश्वास गरे।

यो जिम्मेवारीले नेपाली श्रमिकको स्वास्थ्य रक्षाका मुद्दामा विश्वव्यापी समर्थन जुटाउन योगदान पुग्ने ठानेका छौं', उनले भने ।

# कर्मचारी निकालिएपछि मजदुरको प्रदर्शन



**राजकुमार के.सी./मध्यान्ह**
मकवानपुर, ९ जेठ

हेटौंडा औद्योगिक क्षेत्रमा उत्पादन कारखाना रहेको बहुराष्ट्रिय कम्पनी एसियन पेन्टस्ले कर्मचारी निष्कासन गरेपछि मजदुरहरुले विरोध प्रदर्शन गरेका छन् ।

जिल्लाका सबै ट्रेड युनियन संघ/संगठनका नेताहरुको उपस्थितिमा मजदुरहरुले प्रदर्शन गरेका हुन् ।

उद्योग परिसरमा नाराबाजीसहित गरिएको प्रदर्शनमा कर्मचारी पुनर्बहाली नगरे उद्योग बन्द गर्नेसमेत चेतावनी दिइएको छ ।

उद्योगमा विगत २५ वर्षदेखि कार्यरत अर्जुन ढकाललाई उद्योग प्रशासनले बिना कारण ४ महिना अगाडि निष्काशन गरेको थियो ।

२०६५ साल वैसाख १ मा स्थायी नियुक्ति पाएका ढकाललाई उद्योग प्रशासनले बिना कारण निष्काशन गरेको मजदुर संगठनले आरोप लगाएको छ ।

उद्योग प्रशासन स्रोतका अनुसार ढकालले अन्य कर्मचारीमाथि हात पात गरेको आरोप लगाएको छ, तर कुटाई खाएका भनिएका कर्मचारीको मेडिकल रिपोर्टमा भने फरक बनाइएको छ ।

उद्योग प्रशासनले फर्जी मेडिकल रिपोर्ट बनाएको आरोप ट्रेड युनियनले लगाएको छ ।

उद्योगमामा कार्यरत ढकाललाई बिना कारण निष्काशन गरेपछि श्रम तथा रोजगार कार्यालयले उद्योग प्रशासनलाई निष्कासन नगर्नु भन्ने दिएको आदेश समेतलाई अटेर गर्दै उद्योग प्रशासन अगाडि बढेपछि मजदुर आन्दोलित भएको अखिल नेपाल औद्योगिक मजदुर संगठनका नेता रामशरण घिमिरेले बताए । घिमिरेले श्रमिकमाथि गरिने अन्यायकोविरुद्ध जुनसुकै आन्दोलन गर्न आफुहरु तयार रहेको बताए । उनले गलत श्रम अभ्यासको अन्त्यको माग गर्दै पुनर्बहाली नगरे निरन्तर आन्दोलनमा उत्रने चेतावनी दिए।

आन्दोलन कार्यक्रममा नेकपा माओवादी बागमती प्रदेश कमिटी सदस्य एवम् मकवानपुर फ्रयाक्सन इन्चार्ज विवेक राई लगायत जिल्लाका मजदुर नेता तथा कार्यकर्ताले शान्तिपूर्ण तरिकाले गैरकानुनी रुपमा निष्कासन गरिएका मजदुरलाई पुनर्बहाली गर्न उद्योग प्रशासनलाई अनुरोध गरेका छन् ।

# काठमाडौंमा राति ११ बजेसम्म होटल खोल्न पाइने



**काठमाडौं/मस–** काठमाडौं जिल्लामा सञ्चालित होटल तथा रेस्टुरेन्टले अब राति ११ बजेसम्म सेवा सञ्चालन गर्न पाउने भएका छन् । होटल व्यवसायीहरूको निरन्तर माग, संवाद र दबाबपछि जिल्ला प्रशासन कार्यालय, काठमाडौंले सेवा समय एक घण्टा लम्ब्याउँदै राति ११ बजेसम्म खोल्न दिने निर्णय गरेको छ ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले होटल व्यवसायीहरूको आग्रहलाई सम्बोधन गर्दै राति ११ बजेसम्म सञ्चालनको अनुमति दिने निर्णय गरिएको जानकारी दिए । उनका अनुसार सुरक्षा, पर्यटकीय सहजता र व्यवसायमैत्री वातावरण कायम राख्न यस्तो निर्णय गरिएको हो ।

होटल व्यवसायी संघ काठमाडौंका अध्यक्ष सुरेश बरालका अनुसार लामो समयदेखि व्यवसायीहरू प्रहरीको सिटी फुकाइका कारण समयअगावै व्यवसाय बन्द गर्न बाध्य थिए । यसले ग्राहक सन्तुष्टि घटाउनुका साथै व्यवसायमा प्रतिकूल असर परेको भन्दै संघले बारम्बार प्रशासनसँग संवाद गर्दै आएको थियो ।

संघका पदाधिकारीका अनुसार होटल व्यवसायले देशको पर्यटन र स्थानीय रोजगारीमा उल्लेखनीय योगदान दिँदै आएको छ । सेवा समय लचिलो बनाउन प्रशासनले चालेको कदमले व्यवसायमा स्थायित्व आउने विश्वास संघले व्यक्त गरेको छ ।

व्यवसायीहरूका अनुसार राति ११ बजेसम्मको अनुमति नातेदार, पर्यटक र स्थानीय ग्राहकहरूको सुविधाका दृष्टिले उपयोगी हुनेछ । यो निर्णयले ग्राहक सन्तुष्टि बढाउनुका साथै आम्दानीमा वृद्धि हुने आशा गरिएको छ । संघले आगामी दिनमा समेत व्यवसायमैत्री वातावरण निर्माणका लागि प्रशासन तथा सरोकारवाला निकायसँग सहकार्य गर्दै जाने प्रतिबद्धता जनाएको छ ।

# कर्मचारीमा असल शासन गर्ने सोच भए कुलिङ पिरियड आवश्यक छैन : पूर्वप्रशासक



**काठमाडौं/मस–** प्रशासनिक संघीयता कार्यान्वयनका लागि महत्वपूर्ण मानिएको संघीय निजामती ऐनसम्बन्धी विधेयक विषयगत समितिमा दफावार छलफल सकेर सदनमा नपुग्दै 'कुलिङ पिरियड' एकाएक चर्चामा आएको छ ।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिले यही जेठ २ गते विधेयकमा संघीय निजामती सेवामा रहने कर्मचारीको उमेर हद ६० वर्ष, अतिरिक्त सचिव र दुईवर्षे कुलिङ पिरियड राख्ने सहमतिसहित विधेयक पारित गरेको थियो । समितिबाट विधेयक पारित भएको एक साता नबित्दै खासगरी कुलिङ पिरियडलाई लिए उच्च प्रशासनिक नेतृत्वले सो व्यवस्थाप्रति फरक मत राख्दै त्यसलाई सच्याउन सभामुख र राष्ट्रियसभा अध्यक्षसहित राजनीतिक दलका नेतृत्वसँग आग्रह गरेका छन् ।

निजामती सेवामा रहेको कर्मचारी अवकाश प्राप्त सरकारी कर्मचारीले अर्को जिम्मेवारी प्राप्त गर्ने सन्दर्भमा पर्खनुपर्ने समयावधिसम्बन्धी व्यवस्थालाई 'कुलिङ पिरियड' भन्ने गरिन्छ । तत्कालीन प्रशासन सुधार सुझाव आयोगका अध्यक्ष काशिराज दाहाल शासन प्रणालीमा असल शासन नदिने, मिलोमतोबाट नियुक्ति हुने, आफ्नो स्वार्थका लागि काम गर्ने प्रवृत्ति देखिएकाले कुलिङ पिरियडसम्बन्धी व्यवस्था राख्न आवश्यक रहेको बताउँछन्।

उनी भन्छन्, 'यदि मुलुकमा असल शासन गर्ने सोच भएको भए यो आवश्यक थिएन, सेवामा रहँदा कर्मचारीले राम्रो छवि बनाएको छ भने २ वर्षपछि आउन सक्ने सम्भावना उत्तिकै रहन्छ ।'

राजनीतिक क्षेत्रको जस्तै कर्मचारीतन्त्रमा पनि आफू मात्रै पदमा बसिरहनुपर्छ भन्ने सोचले निजामती सेवा परिणाममुखीभन्दा पदमुखी भयो कि भन्ने प्रश्न उब्जिएको दाहालको भनाइ छ । कर्मचारीमा व्यावसयिकता चाहिन्छ, राजनीतिक संरक्षणमा खराब काम गर्ने र कसरी माथिल्लो पदमा जाने कार्यले व्यावसायिकता मर्छ । कर्मचारीमा दलीय आबद्धता देखिने, मासिक शुल्क बुझाउने, नजिक हुन दलको स्वार्थमा काम गर्ने हुँदा प्रशासनिक नेतृत्वमा जुन निष्पक्षता र तटस्थता देखिएन भनेर सोसम्बन्धी व्यवस्था कानुनमा कहीँ न कहीँ यो व्यवस्था हुनुपर्ने आवश्यकता यसअघि नै औंल्याइएको उनले बताए ।

दाहाल नेतृत्वको आयोगले यससम्बन्धी व्यवस्था ऐनमा राख्न उचित हुने सुझाव दिएको थियो । 'कुलिङ पिरियडसम्बन्धी पछिल्लो चर्चाले उच्च प्रशासनिक नेतृत्वले आफैँप्रति विश्वास भएन कि जस्तो देखिन्छ । राज्यले आफूलाई लिन चाहँदैन भने पनि कर्मचारी सन्तुष्ट हुनुपर्छ', दाहालले भने । उनले ऐनको मस्यौमा राखिएको उक्त व्यवस्था हटाइनुपर्छ भनेर अडान लिनुभन्दा राज्यले आवश्यक ठानेको अवस्थामा संशोधन गर्न सक्ने पाटोलाई स्वीकार गरेर जानु उपयुक्त हुने बताए ।

निजामती सेवालाई बदनाम गराउनका लागि विधेयकमा कुलिङ पिरियडसम्बन्धी व्यवस्था अघि सारिएको एक पूर्वप्रशासकको तर्क छ । निजामतीबाहेक सेना, प्रहरी, प्राध्यापनलगायत सेवामा यससम्बन्धी व्यवस्था नभएको अवस्थामा निजामती सेवाको 'तेजोबध' गर्न कुलिङ पिरियड अघि बढाइएको उनको जिकिर छ ।

त्रिभुवन विश्वविद्यालय, रत्नराज्यलक्ष्मी क्याम्पसका आमसञ्चार तथा पत्रकारिता विभागका प्रमुख डा. जगत नेपाल सरकारी नियुक्तिमा हुने चलखेल र अनियमितता रोकेपछि मात्र कुलिङ पिरियड राख्ने वा नराख्ने भन्नेमा निर्णयमा पुग्नुपर्ने बताउँछन् ।

'कर्मचारीलाई अवकाशलगत्तै नियुक्ति दिने उचित होइन, तर योग्यता, क्षमता र देशको आवश्यकता छ भने त्यसलाई रोक्न पनि मिल्दैन', उनले भने, 'निकटका मान्छे ल्याउनलाई कुलिङ नराख्ने, अन्यका लागि राख्ने हुनुभएन, ठीक व्यक्तिलाई ठीक जिम्मेवारी दिनुपर्‍यो ।'

विधेयकमा निजामती सेवाबाट अवकाश पाएको दुई वर्षसम्म संवैधानिक तथा सरकारी नियुक्ति लिन नमिल्ने व्यवस्था गरिएको छ । यसअघिको राज्य व्यवस्था समितिको बैठकमा गृहमन्त्री रमेश लेखकले कुलिङ पिरियड दुई वर्ष राख्ने सम्बन्धमा सरकार सहमत भएको जानकारी दिएपछि विधेयक पारित भएको थियो । कुलिङ पिरियड राख्ने कि नराख्ने भन्ने विषय पहिले पनि आएको थियो । प्रशासन सुधार आयोगको प्रतिवेदनमा कर्मचारीको 'आचरण' ठिक नभएको खण्डमा निजामती सेवाबाट अवकाश भएको व्यक्ति ६ महिनासम्म वैदेशिक सहायताबाट सञ्चालित योजनामा काम गर्न नपाउने भन्ने लेखिएको थियो ।

# कर्णालीका सबै स्थानीय तहका कर्मचारी आन्दोलनमा



**सुर्खेत/मस–** कर्णाली प्रदेशका सबै ७९ वटै स्थानीय तहका कर्मचारीहरूले आन्दोलन सुरु गरेका छन् ।

स्थानीय सेवा कर्मचारी सञ्जाल नेपालको आह्वानमा उनीहरूले अत्यावश्यक बाहेकका सेवा बन्द गरेर आन्दोलनमा उत्रिएका छन् । बिहीबारदेखि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र प्रदेश सभाअगाडि बसेर उनीहरूले आन्दोलन गरेका छन् ।

प्रदेश सरकारले स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०८१ मा संशोधन नगरेको र आफूहरूमाथि विभेदपूर्ण नीति अपनाएको भन्दै आन्दोलनमा उत्रिएका कर्मचारीको भनाइ छ ।

आन्दोलन संयोजक ओमप्रकाश नेपालीले २०७६ यता नियुक्त भएका चौथो, पाँचौं र छैटौं तहका कर्मचारीको सेवासुविधा तथा पदोन्नतिमा विभेद भइरहेको भन्दै माग पूरा नहुँदासम्म आन्दोलन गर्ने बताए । सेवा प्रवेशमा उमेर हद नलगाउने, अन्तरप्रदेश सरुवाको व्यवस्था ऐनमै राख्नुपर्ने मागसहित ७९ वटै स्थानीय तहका झन्डै ३ सय कर्मचारी कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा आन्दोलन गरिरहेका छन् ।

'विधेयक दर्ता त भयो, तर संशोधन अघि बढेन, अहिले पुनः आन्दोलनमा फर्किनुपरेको छ,' नेपालीले भने, 'गत पुस २९ गतेदेखि नै दबाबमूलक कार्यक्रममार्फत ध्यानाकर्षण गराएका छौं तर सुनुवाइ भएन ।'

# नि:शुल्क आँखा शिविरमा ३६८ जनाले लिए सेवा



**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ९ जेठ

नेपाल नेत्रज्योति संघ अन्तर्गत गौर आँखा अस्पतालको आयोजनामा परोकहा नगरपालिका ६ स्थित श्री अनहोतिलाल माध्यमिक विद्यालय, बसन्तपट्टीमा एक दिने नि:शुल्क आँखा शिविर सम्पन्न भएको छ । शिविरमा ३ सय ६८ जना नागरिकहरूले आँखासम्बन्धी सेवा लिएका छन् । जसमध्ये चश्मा १२६ जनालाई प्रदान गरिएको छ भने ३१ जनाको शल्यक्रिया गर्नुपर्ने भएको शिविरका समन्वयक सत्येन्द्र पाण्डेले जानकारी दिए ।

शिविरको उद्घाटन प्रमुख अतिथि अमित जयसवालले गरेका थिए । कार्यक्रमको अध्यक्षता पूर्व वडाध्यक्ष जितेन्द्र पटेलले गरेका थिए ।

शिविरका समन्वयक पाण्डेका अनुसार मोतियाबिन्दुका बिरामीहरूको छनोट गरी निकट भविष्यमा नि:शुल्क शल्यक्रिया गरिनेछ । शिविरमा विशिष्ट अतिथिका रूपमा विद्यालयका प्रधानाध्यापक योदनी दास, नेत्र अधिकृत विनिता केसरी, नेत्र सहायक दिनेश घिमिरे, कार्यक्रम संयोजक सत्येन्द्र पाण्डे, समाजसेवी हरिनारायण साह, रामजनम यादव, कृष्ण राउत, गौरीशंकर राउत लगायतको उपस्थिति रहेको थियो । स्वास्थ्य सेवा पहुँचबाट टाढा रहेका समुदायमा आँखा उपचार सेवा पुर्‍याउने उद्देश्यले शिविर आयोजना गरिएको हो ।

# हुम्ला साक्षर जिल्ला घोषणा




**हुम्ला/मस–** हुम्लालाई साक्षर जिल्ला घोषणा गरिएको छ । 'साक्षरता हाम्रो गौरव, साक्षर जिल्ला हाम्रो उपलब्धि' नाराका साथ हुम्लालाई नेपालको ६७ औं र कर्णाली प्रदेशको ८ औं साक्षर जिल्ला घोषणा गरिएको हो ।

१५ देखि ६० उमेरका नागरिकको साक्षरता ९७. ०४ प्रतिशत मापदण्ड पूरा भएपछि २०७६ को राष्ट्रिय मापदण्डअनुसार हुम्लालाई साक्षर जिल्ला घोषणा गरिएको शिक्षा विकास तथा समन्वय इकाई हुम्लाका प्रमुख योगेश आलेमगले जानकारी दिए । जिल्लाका ७ वटै गाउँपालिका साक्षर गाउँपालिका घोषणा भएसँगै हुम्ला पनि साक्षर जिल्ला घोषणा भएको उनले बताए ।

१५ वर्षमाथिका ३५ हजार ३५४ मध्ये ३३ हजार ९५४ जनसङ्ख्या साक्षर भएको आलेमगरको भनाइ छ। उनका अनुसार जिल्लामा १४ सय नागरिक निरक्षर रहेका छन्। योसँगै अब कर्णालीका कालिकोट र डोल्पा साक्षर जिल्ला घोषणा हुन बाँकी छन्।

तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Public Relation Officer (PRO) - 3 (Female/ Male)

नोट: अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा कम्तिमा २ वर्ष अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

* तलब: आपसी समझदारीमा
* आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।

GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD
License No.: 832/066/67
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu
Mob: 9861045857, 9851075367, Email : globalreliance03@gmail.com

सूचना



गोरखा जिल्ला ताङलिचोक गा.वि.स. वडा नं. ६ बस्ने भारतीय भू.पू. सै.नं. ५३४२०४७ NK Naik Time Scale का बकन सिं गुरुङ्ग, जन्म मितिः ०८।११।१९५६ इ.सं. २०१३।७।२३ वि.सं. भारतीय अभिलेखमा भएको र नेपाली नागरिकतामा बखान सिं गुरुङ्ग जन्म मितिः २६।०८।१९५४ इ.सं. २०११।५।१० वि.सं. र निजको श्रीमतीको भारतीय अभिलेखमा सुख माया जन्म मिति ०५।०८।१९५५ इ.सं. २०१२।४।२१ वि.सं. भएको र नेपाली नागरिकतामा श्रीमतीको नाम थर सुक माया गुरुङ्ग जन्म मितिः २९।०६।१९५८ इ.सं. २०१५।३।१५ वि.सं. लेखिन गई नाम, थर, जन्म मिति फरक, फरक लेखिएको भएता पनि दुबै नाम थर, जन्म मिति भएको व्यक्ति फरक फरक नभै एकै व्यक्ति भएको व्यहोरा प्रमाणिकरणको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

कथा

# भू. पू. प्रेमिका



■ सुधीरकुमार सुमन

अस्तिसम्म कति गजल, कथा पोस्ट गर्छस् यार ! तेरो कथा र गजल पढ्दापढ्दा वाक्क लागिसक्यो भनेर म्यासेज गर्ने गर्थ्यो । आज कताकताबाट बाटैमा भेट भयो ।

'ओहो कथाकार ! कता हिँडिस् ?', उसले व्यंग्यात्मक शैलीमा सोध्यो ।

'ह्या, तँ पनि नजिस्का न यार ! कहिलेकाहीँ यसो मनको सन्तोक न हो साहित्य भनेको त । आत्मसन्तुष्टि', मैले मुसुक्क हाँस्दै जबाफ फर्काएँ ।

'ल हिँड्, चिया खाँदै गफ गरौंला ।'

उसले चिया अफर गऱ्यो ।

दुवै जना चिया खान रेस्टुराँतिर लागियो ।

उसले फेरि उही कुरा निकाल्यो । 'साँच्ची, आजकल तेरो कथा पढेर मलाई पनि कथामा चाख लाग्न थालेको छ यार ! आफ्नै भोगाइ जसरी लेख्छस्', उसले फुरुक्क पार्नेगरी भन्यो ।

'हैन, तैंले कथा पनि पढ्छस् र भन्या', मैले पनि पुराना कुरा सम्झाउँदै उसलाई घोचेर भनें ।

'नजिस्की न मूला ! साँचो भन्या' हो भन्या' बरु अब यसो आफ्नो कथा पनि लेख्ने गर । पछि अटोबायोग्राफी निकाल्नुपर्छ ।'

'हैट्, के कथा छ र हौ मेरो जीवनमा ? केको कथा लेख्नु ?', मैले जबाफ फर्काएँ ।

'कथा त खोज्ने हो नि यार ! तेरी त्यो कलेज लाइफमा थिई त ब्ल्याक ब्युटी गर्लफ्रेन्ड, तेसैलाई पात्र बना न । आफैंले भोगेका कुराहरू लेख्न पाउँदा अलि जीवन्त पनि लाग्दो हो । काल्पनिक कथा मात्र कति लेख्छस् ?'

'ह्या, के कुरा गरेको होला ? अब यो बूढेसकालमा आएर कता त्यो तन्नेरी हुँदाकी प्रेमिका सम्झिएर कथा लेख्नु यार ! अब त ती यादहरू पनि मेटिइसके दिल र दिमागबाट', मैले अल्छी मानेको जसरी जबाफ फर्काएँ । 'साँच्ची, कता होली है त्यो काली ? कस्ती भैहोली ? नाति-नातिनाकी धनी भैसकी होली । जे होस्, तिमीहरूको जोडी कलेजमा सबैले रिस गर्ने जोडी थियो यार ! कति त जलेर खरानी नै भए होलान्', ऊ मलाई विगत सम्झाउन हरतरहको कोसिस गर्दै थियो । सकेसम्म ऊबाट छुट्टिनु नै राम्रो जस्तो ठानेर साथीसँग बिदा मागेर लागें घरतिर । बाटोमा जति भुल्न खोजे पनि त्यही साथीले सम्झाइदिएको कालीको याद आएको आयै भयो । एक मनले त भुलिसकेको विगत किन कोट्ट्याउनु ? ब्यर्थै मनलाई सकस मात्र जस्तो नलागेको पनि होइन, तर पनि त्यो कालीको अनुहार मात्र दिमागमा घुमेको जस्तो भयो । हजारपल्ट भुल्न खोज्दा लाखपल्ट सम्झिन्छ रे ! साँच्चिकै त्यस्तै महसुस हुन थाल्यो मलाई ।

हुन पनि खुब राम्री थिई मेरी काली । बदाम जस्ता आँखा, रेशमी कपाल, गुलाफको पत्र जस्ता ओठ, हिमाल जस्ता दन्त लहर । मलाई मात्र होइन, सारा कलेजलाई मोहित पार्नेजस्तो थियो । मसँग लभ पर्दापर्दै पनि ५-७ जनाले पत्र पठाइसकेका थिए । उसलाइ केटाहरूले पठाएको पत्र हेरेर खुब हाँस्ने गर्थ्यौं हामी ।



*उत्तर सकिन नपाउँदै म कोठामा छिरिसकेको थिएँ । भित्र मेरी गोरी कालीको कहानी पढेर सुँक्सुकाउँदै थिइन्...*

बिहान कलेज सुरु भएदेखि बेलुकासम्म हामी सँगै हुन्थ्यौं । क्लासमा पनि सरले पढाएका बेला मा म ऊसँग जिस्किरहन्थें । 'कति चलेको तोर्पे ! खुरुखुरु पढ न' भनेर कापीले टाउकोमा हान्ने गर्थी । म कहिल्यै सुध्रिने नाम लिन्नथें । म सधैं फेल हुने गर्थें, ऊ टपर थिई क्लासको । सबै कुरामा निपुण थिई काली ।

मलाई माया पनि खुब गर्थी । नोट बनाउन, प्राक्टिकल सिट बनाउन मैले कहिल्यै कलम उचाल्नुपरेन । मेरो सबै काम उसैले गरिदिन्थी । मेरो कलेज जाने ध्येय नै कालीलाई भेट्नु हुन्थ्यो । पढाइ त बालै भएन नि भन्थें बेलाबेला कालीले गाली गर्दा ।

'म फेल भएर के भो त ? तँ छँदै छस् नि इन्जिनियर । पालिहाल्छेस् नि !' भनेर जिस्क्याउँथें । त्यसो भन्दा ऊ फरक्क फन्केर बाटो लाग्थी । दिनभर फकाउन सास्ती खेप्नुपर्थ्यो । उसो त कालीसँग झगडा गर्दा पनि आनन्द लाग्थ्यो मलाई । उसलाई जिस्क्याउँदा अपार आनन्द आउँथ्यो मनमा । 'कति झगडा गर्छस् है मसँग ?', बेलाबेला ऊ गुनासो सुनाउँथी ।

'नठोसी त आगो पनि बल्दैन रे यार ! त्यै माथि बुढाबुढीको झगडा परालको आगो' भन्दै नाक चिमोटिदिन्थें । ऊ मख्ख पर्थी ।

'यस्तो धेरै माया नगर है काली ! पछि केही तल-माथि परेर छुट्नुपऱ्यो भने गाह्रो हुन्छ नि फेरि', मैले एक दिन ठट्टैठट्टामा भनेको थिएँ । 'के रे ? छुट्टिने रे ? बरु पानी बग्न छाड्ला, हावा बहन छाड्ला, आकाश र ताराको सम्बन्ध टुट्ला, म तँलाई कहिल्यै मबाट टाढा हुन दिने छैन बुझिस् ?', ऊ मेरो छातीमा मुन्टो राखेर बडो भावुक भएकी थिई त्यो दिन । छुट्टिने कल्पनाले म पनि बडो दुखी हुने गर्थें । कालीको त झन् कमलो मन, कस्तो हुँदो हो ?

राति कालीको आवाज नसुनी निद्रा नलाग्ने अर्को रोग थपिएको थियो । कालीलाई पनि निद्रा लाग्थेन अरे भन्थी । बेलुका कालीको 'हेल्लो' सुन्नका लागि १ रुपैयाँ हुँदा पनि फोन घुमाउँथें । त्यही १ रुपैयाँमा करिब १ मिनेट गफ गर्दा पनि संसारको सबैभन्दा धेरै खुसी भेटिएको जस्तो हुन्थ्यो ।

हुनत मैलेभन्दा धेरै फोन कालीले नै गर्थी । कुनै बेला दुवैको मोबाइलमा ब्यालेन्स नहुँदा पनि होस्टलको साथीको मोबाइलबाट 'गुड नाइट' भन्नका लागि पनि फोन गर्ने गर्थी ।

हरेक शनिबार घुम्न जान्थ्यौं हामी । कहिले पशुपतिमाथिको जंगल, कहिले गोदावरी । कहिले स्वयम्भूको डाँडा । हरेक मन्दिरहरूमा आँखा चिम्म गरेर के-के मागेको जस्तो गर्थी । मलाई पनि उसले जे-जे गरी, त्यही गर भनेर अह्राउँथी ।

'ह्या, म त कम्युनिस्ट, नास्तिक मान्छे' भनेर हावामा उडाइदिन्थें ।

'हेर तोर्पे, तैंले भगवान्लाई हेला गरेका कारण नै हाम्रो पिरती छुट्यो भने म तँलाई जिउँदो छाड्दिनँ बुझिस', एक दिन त्यसो भन्दा उसले नराम्रोसँग धम्क्याएकी थिई मलाई ।

'म त अहिले पनि मृत नै त छु नि यार ! मेरो आत्मा त तँभित्र छ । यो शरीर त केवल रोबोट जस्तै भएको छ', मैले उत्तर फर्काएको थिएँ उसलाई ।

बाटोमा कालीका बारेमा सोच्दासोच्दा कति बेला घर आइपुगेछु, पत्तै भएन । छोरा-बुहारी अस्ट्रेलियावासी भएपछि उजाड बनेको घरमा हामी श्रीमान्-श्रीमती र नाति मात्र थियौं । नाति पनि लैजान्छु भन्दै थिए, मेरै करकापले छाडेर गएका ।

घरभित्र पस्दा पनि कालीको सम्झनाले छाडेको थिएन मलाई । एक मन त त्यो कालीको याद दिलाइदिने साथी सम्झेर खुब रिस उठेको थियो । अर्को मन कथा लेख्दिम् क्या हो कालीसँगको पिरतीको भन्ने पनि सोचिरहेको थिएँ ।

मन खुब बिचलित भएको थियो । श्रीमतीले टेबलमा चिया राख्दा पो झसंग भएँ । कल्पनामा पो हराउन थालिएछ ! कालीको यादले आक्रान्त पारेछ । यो बुढेसकालमा तन्नेरी हुँदाको दिन सम्झिँदा मन पनि आनन्ददायक हुँदो रहेछ कता-कता ।

बेलुका खाना खाएर श्रीमती र नाति सुत्न हिँडे । मचाहिँ साँच्चिकै हाम्रो प्रेम कहानी अक्षरले लेख्न तम्सिएँ । कल्पना गरेको जस्तो सजिलो नहुँदो रहेछ आफ्नै कहानी लेख्दा । कहिलेकाहीँ मन खुसी हुन्थ्यो, कहिले दुखी हुन्थ्यो । कनीकुथी सम्झेकोजति क्षणलाई टिपोट बनाएँ । भोलि फूलबुट्टा भरेर कथा बनाउनुपर्ला सोचेर डायरी बैठक कोठामा नै छाडेर म पनि सुत्नतर्फ लागें । राति धेरै बेरसम्म बसेको हुनाले होला, बिहान ८ बजेतिर मात्र निद्रा खुल्यो । आँखा मिच्दै बाहिर निस्किएँ । नाति केटो त चिरिच्याट्ट परेर बसेको रहेछ ।

'हैन केटा ! कताको साइत हो ? आज बिदा छ क्या हो ?कता जान लाइस् एकाबिहानै ?', त्यो बालकलाई मैले एकैचोटि धेरै प्रश्न सोधें ।

'हजुरआमाले भन्नुभा'को अब हामी हजुरआमाको माइतमा गएर बस्ने अरे ! हजुर मात्र यो घरमा बस्ने अरे ! अब स्कुल पनि उतै भर्ना गरिदिने अरे !' नातिले एकै सासमा सबै कुरा सुनायो ।

मैले सरसर्ती बैठक कोठामा आँखा डुलाएँ । मेरो हिजोको डायरी टेबलमा थिएन ।


'खोइ त तेरी हजुरआमा ?', मेरो मुखबाट एकैचोटि प्रश्न फुस्कियो ।

'हजुरआमा त कोठामा कपडा लगाउन जानुभा'को छ ।'

उत्तर सकिन नपाउँदै म कोठामा छिरिसकेको थिएँ । भित्र मेरी गोरी कालीको कहानी पढेर सुँक्सुकाउँदै थिइन् ।

कविता

## कलीकाल



शेखर अर्याल दाहाल

अरूमा आफू र आफूमा अरू  
हुनुको बोध नहुँदै  
उम्रँदै, उम्लँदै फैलिइएका तीक्ष्णताले  
निम्त्याएको बोझको  
भारी बोकेर समयको उकालो चढिरहेको  
एउटा मानिस  
विश्रामको पर्खाइमा थकित छ ।

कठै ! कथित मनुष्य !  
भौँतारिँदै कता हरायो ?  
अँध्यारिँदै गरेको कालमा टल्किरहेका  
विद्युतीय राता आँखाहरूको नजरमा  
मनुष्य स्वयं एउटा बोझ हो ।

'यही बोझले म मरें भने  
मैले तर्ने वैतरणी के अझै बगिरहेको होला ?'  
उसको यो निराशाले भरिएको प्रश्न हास्यास्पद छ  
तर, उसको वरिपरि हाँस्न सक्ने कोही छैन ।

धुमिलो रातो, कैलो आकाश  
हेरेर आफू र आफू जस्तै अरूको  
निमोठिएको भूतको सम्झनामा  
मूर्च्छा परिरहेको त्यो मानिस पाखण्डी हो ।

(भावशून्य स्वरमा)  
'महोदय !  
तपाईंकै छायाले पनि तपाईंप्रति  
दया र माया राख्दैन  
रातको अँध्यारोमा  
छायाको साथ खोज्नु मूर्खता हो ।

एउटै आकारका दुई वस्तु उस्तै देखिँदैमा  
उस्तै अर्थ राख्दैनन्  
तपाईंले माया गरेर हुर्काएको बच्चाले पनि  
तपाईंलाई माया नगर्न सक्छ  
यसमा बिलौना गर्नु तपाईंको बोधोपन हो ।

(मानिसलाइ अँध्यारो कोठाभित्र घचेट्दै)  
अनि, तपाईंलाई हुनु भनेको के हो थाहा छ ?

३ लघुकथा

## क्षण-क्षणको जीवन



■ सरण राई

लकडाउनको तीसौं दिन ।

आजसम्म बाँचिएको छ ।

बाँच्नु सबैभन्दा ठूलो कुरा रहेछ । आजसम्म त कोरोनाले स्पेन, इटाली र इरानमा जस्तो महामारी भएको छैन । महामारी भयो भने खुट्टा तन्काउनुबाहेक अरू उपाय छैन । अमेरिका, बेलायतजस्तो देशमा त भयावह स्थिति छ भने ... ।

मन अत्तालिनु । मन अडेसा लाउने ठाउँ छैन । दिन त काट्नै पर्छ ।

नातिनीसँग कोठा सफा गरियो शुक्रबार । अनावश्यक कागजपत्र, धुलोमुलो र लत्ताकपडाको उरुङले बोरा भरियो । जे होस्, दिन पनि काटियो । कोठा पनि सफा भयो । मन फुरुंग !

आज आइतबार । साबुन-पानीले मिचीमिची हात धुँदा पो औंठीको सम्झना भयो ।

'कोरोना भाइरस औंठीभित्र रहन सक्ने हुन्छ' भन्ने डाक्टरको अन्तरवार्ता सुनेपछि स्व. पत्नीले राशिअनुसारको पत्थर राखेर बनाइदिएकी एउटा सुनको र अर्को चाँदीको औंठी फुकालेर कागजमा पोको पारेर राखेको थिएँ ।

सफा कोठामा कागजमा पोको पारेको औंठी खोज्छु । भेटिँदैन त !

शनिबारै फोहोरको बोरा नगरपालिकाको फोहोरमैला उठाउने गाडीले उठाई लगिसकेको थियो ।

पक्का फोहोरकै डंगुरमा गयो । नातिनीलाई पनि भन्छु । उनी पनि अरकच्च हुन्छिन् ।

धन्दा नमानौं । कोरोनाले नै औंठी लग्यो अथवा कोमा (बोजु)ले नै लगिन्, सम्झन्छु । जे होस्, ज्यान बाँच्यो भने... ।

आ ..., बाँचियो भने अर्को बनाऊँला तर पत्नीको चिनोको रूपमा सधैं लगाइरहेको औंठी । बिस्मात् लाग्छ, दुःख लाग्छ ।

फेरि खोज्छु सबैतिर । एकल बुढेसकाल । दिमाग के भएको छ ? सम्झना शक्ति कम भइरहेको छ । दराजको कुनामा कागजमा पोको पारेको औंठी भेट्छु । नातिनीलाई पनि कराएर सुनाउँछु । एकै क्षणअघिको दुःख सुखमा परिणत हुन्छ । खुसी हुन्छु, मानौं, मैले स्वर्ग पाएको छु ।

निष्पट्ट अँध्यारो चम्किलो उज्यालोमा परिणत हुन्छ । आनन्द साना मसिना प्राप्तिमा निर्भर रहेछ ।

क्षण -क्षण सुख-दुःख, हाँसो-रुवाइ, पीडा-आनन्दले भरिएका हुँदा रहेछन् । ती क्षण-क्षणहरूको जोड नै जीवन ... । यो लकडाउन, कोरोना क्षण पनि बितेर जाने छ । अर्को सुखको क्षण र उन्मुक्त हाँसो जीवनमा आउने छ ।

## तिर्खा



■ दुर्गा तिवारी राजन

शहरमा घर मात्रको भीड होइन, पानीको पनि भीडभाड हुन्छ ।

चैत-वैशाखको अत्यधिक गर्मी मौसममा पानी पर्ने र शीतलता दिने छाँट देखिँदैन । घुमफिरमा रमाउन र छुट्टी मनाउन निस्के । शहरको व्यस्त ठाउँमा पुग्दा पानीले पानी बोकी पानीलाई नै बेच्नेहरूको दृश्य आँखामा र मन-मस्तिष्कमा पऱ्यो । पानी बेच्न हिँडेकाहरू निकै असिनपसिन गर्दै प्यासलाई बिर्सँदै भीडहरूमा पानी किनिदिन आग्रह गर्दै थिए ।

ओठ-तालु सुकाई तिर्खाले नीलो ओठ पारेको एउटा सुक्न लागेको पानीलाई लगलग काम्दै भीडका पानीहरूमा आफ्नो पानी किनिदिन आग्रह गरेको दृश्य धेरै अगाडिदेखि म पानीले नियालिरहेको थिएँ । विचार उठ्यो आफैंले बेच्ने पानी आफैंले पिउँदा त आफ्नै प्यास मेटिन्छ र शीतल भई जोस आउँछ । म पानी नजिकै त्यो पानी बेच्ने आयो र मलाई पानी किनिदिन आग्रह गऱ्यो । मैले 'कति पैसा ?' भनेर सोधें । '३० रुपैयाँ', उसले भन्यो ।

म पानीले बोतल खोलें । उक्त सुक्न लागेको पानीलाई पिउन भने ।

उसले भन्यो, 'यो त तपाईंको हो, मैले पिउन सक्दिनँ ।'

तब मैले भनें, तपाईंको पैसा मैले दिइसकें, अब किन आफूलाई सुकाउनुहुन्छ ? पिउनुस् । त्यसपछि मैले पिउँला ।'

धेरै आग्रहपछि सुक्न लागेको पानीले आँखाबाट बलिन्द्र आँसु झार्दै पनि पियो । म पानीले त्यो सुक्न लागेको पानीको अनुहार हेर्दै बोतलको पानी घटघट पिएँ । त्यो पानीले म पानीलाई हेर्दै भन्यो, 'ताजा हुनेहरूले सुक्न लागेकाको मर्का, पिर बुझ्न सके पो ताजा, नत्र केको ताजा ?'

त्यो पानीको यस्तो कुराले म पानीलाई उहिलेको भनाइको झल्को आयो- बाह्र छोरा, तेह्र नाति, बूढाको धोक्रो काँधैमाथि ।

## अन्तिम इच्छा



■ ध्रुवराज थापा 'पुरुष'

उसलाई निकै छटपटी भएको छ ।

वृद्ध बा आत्तिए, 'बाबू ! ए बाबू !! के भयो ?'

उसले लामोलामो सास फेरिरहेको थियो । २ हात-पाखुरा कसेर बलले उचाल्न खोज्दै थियो । उसले दाह्रा किटिरहेको थियो । केही भन्न खोज्दै थियो तर बोली थिएन ।

बाले मुख सुकेको देखेर चम्चाले मुखमा पानी राखिदिनुभयो । दाँत बेस्सरी बाँधिएको भएर मुखबाट पनि बगेर बाहिर आयो ।

ऊ नबोलेको २ दिन भइसकेको थियो । बेलाबेलामा उसले खाली यस्तै हर्कत देखाउँथ्यो ।

बाले उसलाई गाह्रो भएको देखेर अक्सिजन थोरै बढाउनुभयो । मुखमा लगाएको अक्सिजन मास्क सिधा बनाउनुभयो । पीडामा कुनै कमी देखिएन । ऊ केही बोल्न खोजिरहेको थियो ।

डाक्टरले उसको छातीमा लागेको गोलीको भ्वाङ पुरिन मुस्किल छ भनेका थिए । बाले आत्तिएर नर्स बोलाए ।

नर्सले दुखाइ कम हुने सुई लगाइदिइन तर न सविनको दुखाइ कम भयो, न त बाको ।

यस पटक सविनले अक्सिजन मास्क थुतेर फाल्यो अनि बेस्सरी करायो, 'ऐया ! मरें !'

छोराको बोली फर्केको सुनेर बा खुसी भए । छोरालाई सुम्सुम्याउन पुगे तर छोराको अनुहारमा चिटचट पसिना थियो । शरीर थरथर काँपेको थियो ।

नर्स आत्तिइन् । बाले चारैतिर अन्धकार देखे । बाले अकस्मात् छोरालाई रुँदै सोधे, 'बाबू ! तेरो अन्तिम इच्छा के छ ?'

छोराले ओठ थर्थराउँदै लामो सास तान्दै बल्लतल्ल आवाज निकाले, 'बाकक मकक यो देशमा उज्यालो भएको हेर्न चाहन्छु ।'

अन्तिम वाक्यसँगै छोराले जीउ तनक्क तन्कायो । बा चिच्याए । नर्स डाक्टर बोलाउन गइन् । बाले भावुक हुँदै छोराको शवलाई छोएर कसम खाए, 'बाबू ' अब तेरो अन्तिम इच्छा, अब तेरो यो बूढो बाउको अन्तिम इच्छा हुने छ ।'

मध्यान्ह
www.madhyanhadaily.com



# प्रेस चौतारी मधेश प्रदेशद्वारा फणिदेव महत स्मृति पत्रकारिता पुरस्कार घोषणा

**महोत्तरी/मस-** प्रेस चौतारी नेपाल मधेश प्रदेश समितिले स्वर्गीय पत्रकार फणिदेव महतको स्मृतिमा पत्रकारिता पुरस्कार स्थापना गरेको छ।

प्रेस चौतारी नेपाल मधेश प्रदेश समितिको बिहीबार बर्दिबासमा सम्पन्न पहिलो बैठकले महतको स्मृतिमा पत्रकारिता पुरस्कार स्थापना गर्ने निर्णय गरेको हो।

महत प्रेस चौतारी नेपाल मधेश प्रदेशका संस्थापक अध्यक्ष हुन्। उनको वैशाख ३० गते निधन भएको थियो। महतको स्मृतिमा स्थापना गरिएको २५ हजार राशिको उक्त पुरस्कार प्रत्येक वर्ष प्रदान गरिने प्रदेश समितिका अध्यक्ष लालबाबु शेखले जानकारी दिए।

उक्त पुरस्कारका लागि प्रेस चौतारीले अक्षय कोष समेत स्थापना गर्ने भएको छ। कोषलाई सबल बनाउन अध्यक्ष शेखले मधेशका प्रत्येक जिल्लाले ५० हजार र प्रदेश समितिले एक लाख सहयोग गर्ने गरी बैठकमा प्रस्ताव राखेका थिए। उक्त प्रस्तावलाई बैठकले ताली बजाएर अनुमोदन गरेको थियो।



कोषलाई थप व्यवस्थित बनाउन पहल गरिने समेत शेखले बताएका छन्।

यसैगरी प्रेस चौतारी नेपाल मधेश प्रदेश समितिले फागुनमा मधेश सञ्चार सम्मेलन गर्ने भएको छ। उक्त सम्मेलन वीरगन्जमा आयोजना हुने केन्द्रीय सदस्य एवम् मधेश प्रदेश इन्चार्ज अच्युत पौडेलले जानकारी दिए।

सञ्चार सम्मेलनसँगै चौतारीले प्रशिक्षण वर्षलाई सफल बनाउन प्रशिक्षण कार्यक्रम आयोजना गर्ने र मधेश प्रदेशभित्र प्रेस चौतारीको वैचारिक यात्रा समेत गर्ने भएको छ। चौतारी मधेश प्रदेशले एक वर्षे कार्ययोजना बनाएर अघि बढेको र वार्षिक कार्ययोजना उत्साहजनक ढंगले सफल बनाउने इन्चार्ज पौडेलको भनाइ थियो।

प्रेस चौतारी नेपालका अध्यक्ष गणेश पाण्डेको प्रमुख आतिथ्यतामा सम्पन्न बैठकमा केन्द्रीय उपाध्यक्ष चेतन अधिकारी, महासचिव हिरामान लामासहित चौतारीका केन्द्रीय सदस्य, पूर्वकेन्द्रीय सदस्य, प्रदेश कमिटीका पदाधिकारी तथा सदस्य, जिल्ला अध्यक्षलगायतको उपस्थिति रहेको थियो।

प्रेस चौतारी मधेश प्रदेश समितिका अध्यक्ष शेखको अध्यक्षतामा सम्पन्न बैठकको सहजीकरण प्रदेश महासचिव दिवाकर भण्डारीले गरेका थिए। बैठकमा केन्द्रीय सदस्य सुनिता कुमारीले स्वागत मन्तव्य राखेकी थिइन्।

**स्वर्गीय फणिदेव महतको परिवारसँग भेट**

प्रेस चौतारी नेपालका अध्यक्ष पाण्डेको नेतृत्वको टोलीले स्वर्गीय फणिदेव महतको परिवारलाई भेटेर समवेदना व्यक्त गरेको छ। बर्दिबासमा आयोजित मधेश प्रदेश बैठक सकेर प्रेस चौतारी नेपालको टोली रौतहट पुगेर परिवारसँग भेट गरेको हो।

भेटका क्रममा अध्यक्ष पाण्डेले महतकी पत्नी सुनन्दालाई समवेदना व्यक्त गरेका थिए। पाण्डेले महतका दुई छोराको शिक्षाका लागि संगठनले आवश्यक पहल गर्ने समेत बताए। सो क्रममा अध्यक्ष पाण्डेले मधेश प्रदेशको पहिलो बैठकमा संकलन भएको ६० हजार रकम महत पत्नी सुनन्दालाई हस्तान्तरण गरे।

भेटका क्रममा महासचिव हिरामान लामा, मधेश इन्चार्ज अच्युत पौडेल, नेपाल पत्रकार महासंघ केन्द्रीय लेखा समिति संयोजक केसी लामिछाने, नेपाल पत्रकार महासंघ मधेश प्रदेश अध्यक्ष श्याम बञ्जारा, कोषाध्यक्ष अनिल गौरव, प्रेस चौतारी नेपाल केन्द्रीय सदस्य रमेश सुवेदी, रमेश तिमिल्सिना, सुमन ढुंगाना, इन्दीप कोइराला, मधेश प्रदेश अध्यक्ष लालबाबु शेख, महासचिव दिवाकर भण्डारी, सचिव श्याम कुशवाहा, ग्यासु मियाँ देवान, कोषाध्यक्ष जितेन्द्र साह, रौतहट जिल्ला अध्यक्ष अशोक पहाडी, बारा अध्यक्ष थानेश्वर सापकोटालगायतको उपस्थिति रहेको थियो।

# जुम्लाको पातारासी पूर्ण खोप गाउँपालिका घोषणा

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ९ जेठ



जुम्लाको पातारासी गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित तथा दिगोपना पालिका घोषणा गरिएको छ। 'स्थानीय स्रोतको उपयोग र सहभागिता, पूर्ण खोप सुनिश्चितता-हाम्रो प्रतिबद्धता'भन्ने मूल नाराका साथ पातारासी गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको हो। सबै सूचक पूरा गरेर पातारासीलाई पूर्ण खोप सुनिश्चित घोषणा गर्न सफल भएको स्वास्थ्य संयोजक रतन बुढ्थापाले बताए।

उनले र्णखोप पालिका घोषणा गर्न महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्यकर्मीको विशेष भूमिका रहेको बताए। उनका अनुसार स्वास्थ्य संस्था र स्वयंसेविका लाई पत्रमाण पत्रसहित सम्मान गरिएको छ। त्यस्तै गाउँपालिका कार्यबाहक अध्यक्ष तथा वडा नम्वर २ का वडाध्यक्ष बलबहादुर बोहोराले शिक्षा, स्वास्थ्यको हिसाबले दुर्गम मानिने पातारासी पूर्ण खोप पालिका घोषणा गरिएको हो। उनले भने,'यहाँका सबै बालबालिका रोगमुक्त र खोपयुक्त भएको सन्देश फैलाउन जरुरी छ।'

त्यस्तै नेकपा आमोवादी केन्द्रका पातारासी गाउँपालिकाका इन्चार्ज जनक महताराले बाटो खन्नु र भवन बनाउनु मात्र विकास नभइ पोषणदेखि पूर्ण खोपको पहुँचमा बालबालिका पुग्नुलाई पनि विकासको सूचक मानिने बताए। वि.सं २०३० नेपालाई पूर्णखोप सुनिश्चिता घोषणा गर्ने सरकारको लक्ष्यमा पातारासीले इँटा थपेको प्रति आभार व्यक्त गरे। त्यस्तै नेपाली कांग्रेसका पातारासी गाउँपालिकाको अध्यक्ष गोरबहादुर बोहोराले दुर्गम मानिने पातारासीको स्वास्थ्य क्षेत्रलाई अब्बल र गुणस्तरीय बनाउन घोषणाको प्रभावकारी कार्यान्वयनमा जोड दिन आवश्यक रहेको बताए। उनले घोषणा गर्नुभन्दा ठूलो कुरा नभइ प्रभावकारी कार्यान्वयनमा उत्तिकै चुनौती रहेको बताए।

त्यस्तै पूर्ण खोपपालिका घोषणा भएको र यसको कार्यान्वयनमा आम सरोकारवालेको सहयोगमा गरिएको जनस्वाथ्य सेवा कार्यालय जुम्लाका प्रमुख कृष्णा सापकोटाले बताए।

उनले खोप बालबालिकाको नैसर्गिक अधिकारभित्र रहेको उल्लेख गर्दै पूर्ण खोपलाई सरकारले विशेष प्राथमिकता दिएको बताए। त्यस्तै स्थानीय तह र सरोकारवालाहरूको अपनत्व र सहभागितामा नियमित खोपको शुद्धीकरण एवं स्थानीय स्रोतको अधिकतम परिचालन गरी सबै बालबालिकाहरूलाई राष्ट्रिय खोप तालिका अनुसारका खोपहरू उपलब्ध गराइ खोपबाट बचाउन सकिने रोगको रोग लाग्ने दर, अपाङ्गतादर र मृत्युदरमा कमी ल्याउनु यो कार्यक्रमको लक्ष्य रहेको छ।

प्रभावकारी एवम् गणस्तरीय नियमित खोप सेवा सञ्चालन, प्रत्येक वर्ष चैत्र महिनाभित्र स्वास्थ्यकर्मीको संलग्नतामा घरघरी सर्वेक्षण, जिल्ला जनस्वास्थ्य कार्यालय, जुम्लाका प्रमुखसापकोटा उपस्थित थिए।

१९ महिनासम्मका खोप छुटेका बालबालिकाको पहिचान गरी उनीहरुलाई खोप पुरा गरिनेछ। यसले विशेषगरी बाल मृत्युदर घटाउन सहयोग गर्ने विश्वास लिइएको छ। पालिकामा ५ वर्ष मुनिका ५ सय २७ जना बालबालिका रहेका छन्। जसमा ०-१५ महिनासम्म २ सय १९ र १६-५९ महिना जम्मा ३ सय ८ रहेका छन् भने जसमा पूर्ण खोप प्राप्त गर्ने २ सय ४७ रहेको छ। कार्यक्रममा स्वास्थ्यकर्मी, जनप्रतिनिधि, कर्मचारी तथा स्वयंसेवीहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

# लोकतान्त्रिक निर्माण व्यवसायी संघ अर्घाखाँचीको अध्यक्षमा बस्याल

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ९ जेठ

नेपाली कांग्रेस पार्टीको शुभेच्छुक संगठन लोकतान्त्रिक निर्माण व्यवसायी संघ अर्घाखाँचीको पहिलो जिल्ला अधिवेशनले वरिष्ठ निर्माण व्यवसायी काशिराम बस्यालको अध्यक्षतामा १९ सदस्यीय नयाँ जिल्ला कार्य समिति निर्विरोध चयन गरेको छ।

विपी स्मृति भवन सन्धिखर्कमा सम्पन्न अधिवेशनले उपाध्यक्षमा अशोक कुमार श्रेष्ठ, नारायण सिंह बेल्वासे, महासचिवमा अर्जुन खनाल, उपमहासचिवमा सुशील श्रेष्ठ, रामबहादुर राना, कोषाध्यक्षमा पम्फा श्रेष्ठ तथा सहकोषाध्यक्षमा बिष्णु प्रसाद आचार्यलाई चयन गरेको छ। निर्विरोध निर्वाचित समितिका सदस्यहरुमा लक्ष्मण पाण्डे, महेश पन्त, रेसौराज आचार्य, सुवास पौडेल, दुर्गा बहादुर नेपाली, कृष्ण घम, निरज श्रेष्ठ, कृष्ण भुसाल, चन्द्र पुन मगर, दिनेश मरासिनी र यमलाल पौडेल रहेका छन्।

निर्वाचित समितिका अध्यक्षले थप ५ सदस्य मनोनयन गरेसँगै जिल्ला कार्य समितिले पूर्णता पाउने लोकतान्त्रिक निर्माण व्यवसायी संघ लुम्बिनी प्रदेशका संयोजक विश्व कुमार चन्दले जानकारी दिए।

संघको उद्घाटनमा बोल्दै नेपाली कांग्रेस अर्घाखाँचीका सभापति केशव श्रेष्ठले राज्यले निर्माण व्यवसायीको रकम समयमै भुक्तानी गर्न नसकै कारण निर्माण व्यवसायीको बदनामी हुनुको साथै साना व्यवसायीहरु पलायन हुने अवस्था आएको बताए।

सार्वजनिक खरिद ऐन पटक-पटक संशोधन गरिएपनि ऐन साना निर्माण व्यवसायीहरुको पक्षमा हुन नसकेको श्रेष्ठले आरोप लगाए।

निर्माण व्यवसायीले बढीमा ५ वटा मात्रै ठेक्का लिन पाउने व्यवस्था साना निर्माण व्यवसायीको पक्षमा नरहेकोले यसलाई सच्चाउन सरकार गम्भीर हुनुपर्ने उनको भनाइ थियो।




निर्माण व्यवसायीले समयमै गुणस्तरीय निर्माणका कामहरु गरेर उदाहरण देखाउन सुझाव दिँदै लोकतान्त्रिक निर्माण व्यवसायी संघले सबै निर्माण व्यवसायीको हक हितका लागि काम गर्नुपर्नेमा सभापति श्रेष्ठले जोड दिए। अब निर्माण व्यवसाय क्षेत्रलाई सम्मानित पेशाको रुपमा अगाडि बढाउन संघको पहल कदमी आवश्यक रहेकाले आफुहरु सधैँ व्यवसायिको पक्षमा रहेको श्रेष्ठले बताए।

लोकतान्त्रिक निर्माण व्यवसायी संघले सबै निर्माण व्यवसायीहरुको हकहित अधिकारका निम्ति निरन्तर काम गर्ने लोकतान्त्रिक निर्माण व्यवसायी संघ लुम्बिनी प्रदेशका संयोजक विश्व कुमार चन्दले प्रतिबद्धता जनाए।

कांग्रेस स्थानीय तहदेखि संघको सरकारमा उपस्थित रहे पनि कार्य सम्पादनको कमजोरीले समाज र नागरिक तथा जनताले प्रश्न उठाउन थालेकोले सहि ढंगले काम गर्न सरकारलाई निर्माण व्यवसायीले खबरदारी गर्नुपर्ने कांग्रेस अर्घाखाँचीका पूर्व सभापति कमल प्रसाद भुसालले बताए।

निर्माण व्यवसायीले गुणस्तरमा ध्यान दिनुपर्ने र सरकारले समेत निर्माणमैत्री कानुन निर्माण गर्नुपर्नेमा निर्माण व्यवसायी संघ लोकतान्त्रिकका केन्द्रीय सदस्य रुद्र शर्माले बताए।

कांग्रेस जिल्ला उपसभापति बाबुराम पौडेल, सचिवहरु कृष्णप्रसाद खनाल, अच्युत गौतम, जिल्ला कोषाध्यक्ष बिष्णु क्षेत्री, जिल्ला सदस्यहरु लिलाराम गौतम, यमराज पाण्डे, कांग्रेस सन्धिखर्क नगरपालिकाका उपसभापति तुल्सिराम पौडेल, निर्माण व्यवसायी संघका जिल्ला उपाध्यक्ष खगिश्वर बस्याल, रामसिह खनाल, महासचिव केशब रिजाल, कोषाध्यक्ष कृष्णप्रसाद बस्याल, वरिष्ठ निर्माण व्यवसायी भोजराज भुसाल र नेपाल तरुण दलका अध्यक्ष नारायण खड्का लगायतले संघको निर्वाचित समितिले निर्माण व्यवसायीलाई संगठित गरी पेसागत हकहितको संरक्षण गर्नुपर्नेमा जोड दिएका थिए।

राज्यले अझै पनि निर्माण व्यवसायीको कामको भुक्तानी समयमै नदिने गरेकोले संघले व्यवसायीका मुद्दा सरकार समक्ष पुऱ्याउन भूमिका खेल्न आवश्यक रहेको संघका लुम्बिनी प्रदेश सदस्य हरि कुमार श्रेष्ठ बताए।

**युएईमा रोजगारको अवसर**

कम्पनी : Queenex Paper Products Company LLC — शहर: Abu Dhabi
पूर्व स्वीकृत मितिः २०८२/०२/०९ — चलानी नं.: ६०२३८३७७ — LT. No.: 324413

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४१,११८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Worker/Factory Worker | 10 | 0 | | 1100 | ४१,११८ | | | | | | | |
| 3. | stevedores | 1 | 0 | | 1100 | ४१,११८ | | | | | | | |
| 4. | Stock Filler | 2 | 0 | | 1100 | ४१,११८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ जेठ १७ गते (31 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

ROYAL AND PARTNERS SERVICES PVT. LTD.
Tokha -10, Kathmandu, Nepal
Phone no.: 01-5914938 | Mobile: 9823401265
Email : info@rpmanpower.com | Web. : www.rpmanpower.com
श्रम ईजाजत पत्र नं. १५८१/०७९/०८०

**युएईमा रोजगार**

कम्पनी : AL WAFA STAR CLEANING & SECURITIES SERVCES — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/०२/०९ — चलानी नं.: ६०२३८३७० — LT. No.: 324376

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 100 | 100 | स. काममा दक्ष | 800 | २९,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ १७ गते (31 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Continental HRD Consultants Pvt. Ltd.
Gov.Lic.no.: 983/067/068
Baluwatar, Kathmandu Tel.: 01-4545550, 4530003, 4515055, 9813101269, 9851016295, Branch Office Damak-05, Jhapa: 023-582306, 9801414626, 9801414610
Branch Office Pokhara-8, Sabhagrihachowk: 061-581724, 581728, 9810143365
E-mail: continentalnepal01@gmail.com | Web: www.continentalhrd.com

**युएईमा रोजगार**

कम्पनीः KHK Scaffolding and formwork Ltd LLC — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०२/०९ — चलानी नं.: ६०२३८३७५ — LT. No.: 324440

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Welder | 12 | 0 | | 1200 | ४४,८५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २२ गते (5 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Koperasi International Pvt. Ltd.
Tokha-9, Gongabu, (Shiva Mandir), Kathmandu, Tel.: 01-5912411
Mob: 9851023473 | Email: sarojoli208@gmail.com
श्रम इजाजत नं. १२८७/०७४/०७५

**युएईमा रोजगार**

कम्पनीः SHAFIC DAGHER IND & TR.CO.LLC — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०२/०९ — चलानी नं.: ६०२३८३७४ — LT. No.: 324327

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 20 | 0 | स. काममा दक्ष | 1800 | ६७,२८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ १७ गते (31 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

P.T.SWIFT HR MANAGEMENT PVT. LTD.
Dhumbarahi- 4, Kathmandu, Nepal. Landline No.: 01-5915721
Mobile: 9851199387 | 9851343751, Email: ptswifthr11@gmail.com
श्रम ईजाजत नं. १५६६/०७९/०८०

**यूएईमा रोजगार**

कम्पनीः RAK ENERGY ELECTROMECHANICAL & MAINTENANCE LLC — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०२/०९ — चलानी नं.: ६०२३८३७३ — LT. No.:6023

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 7 | 0 | स. काममा दक्ष | 1100 | ४१,११८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ १७ गते (31 May 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

SIJAN OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. १६८१/०८०/०८१
Airport, Shambhu Marg -Road No.2, Kathmandu Tel : 01-5913578, 9843303500, 9823227810, 9842876547. E-mail: sijanoverseas@gmail.com, Website: www.sijanoverseas.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८१/१२/०४ मा दर्ता भएको **प्रा. लि. नं. २०७३०९** को **द नेक्स्ट होलिडे ट्राभल्स एण्ड टुर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**चुलाचुली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
चुलाचुली, इलाम
कोशी प्रदेश, नेपाल

**शिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०२/०९**

चुलाचुली गाउँपालिका, इलामको चालु आ.व. २०८१/०८२ को लागि आवश्यक दुध चिस्यान केन्द्र निर्माणार्थ Chilliing VAT set खरिद सम्बन्धी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त योग्य इच्छुक फर्म, उत्पादक संस्था, कम्पनीहरु वा सप्लायर्सले दर्ता कागजात (नविकरण सहित), आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्र तथा PAN/VAT दर्ता भएको प्रमाण-पत्र राखि यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

१. दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति र दस्तुर : २०८२ जेष्ठ २८ गते सम्ममा कार्यालय समयमा , रु. १०००|– (एक हजार मात्र) फिर्ता नहुने गरी।
२. दरभाउपत्र फाराम दाखिला गर्ने मिति, समय र स्थान :- २०८२ जेष्ठ २९ गते सम्म दिनको १२:०० बजेसम्म, चुलाचुली गाउँपालिका कार्यालयमा।
३. दरभाउपत्र फाराम खोल्ने मिति, समय र स्थान :- २०८२ जेष्ठ २९ गते दिनको २:०० बजेपछि, चुलाचुली गाउँपालिकाको कार्यालय।
४. सिलवन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिनहरुमा सार्वजनिक विदा पर्न गएमा सोको भोलीपल्ट अथवा कार्यालय खुलेको दिन सो कार्य हुनेछ।
५. आफूले पेश गरेको दरभाउपत्रको दर मुल्य अभिवृद्धि कर सहितको पेश गर्नु पर्नेछ।
६. विस्तृत जानकारीका लागि गाउँपालिका कार्यालयको खरिद इकाईमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।
७. दरभाउपत्र फाराममा दर रेट भर्दा अंक र अक्षर दुबैमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा लेखिएको दर रेट फरक परेमा अक्षरमा लेखिएको दर रेटलाई मान्यता दिइनेछ।
८. दरभाउपत्र फाराम पेश गर्दा सो साथ आफूले पेश गरेको सामानको जम्मा मूल्यको २.५ प्रतिशतले हुने रकम NMB बैङ्क चुलाचुली शाखामा रहेको धरौटी खाता नं. १०३०००६०७४४२०००३७ मा जम्मा गरी सक्कलै बैङ्क भौचर सामेल राखी पेश गर्नु पर्नेछ वा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैङ्कबाट यस कार्यालयको नाममा जारी गरेको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको विड बण्डको सक्कल प्रति पेश गर्नु पर्नेछ। दरभाउपत्र स्वीकृत भएको निर्धारित समयभित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरिनेछ।
९. रितपूर्वक पेश नभएको, म्यादभित्र दर्ता नभएको र शर्त राखी पेश भएका दरभाउपत्र फारामहरुलाई मान्यता दिइने छैन।
१०. दरभाउपत्र स्वीकृत भएपछि गाउँपालिका कार्यालयबाट सम्झौताका लागि बोलाइएको समयमा (म्याद) मा उपस्थित भई सम्झौता गर्नुपर्नेछ अन्यथा उक्त कामका लागि राखिएको धरौटी जफत गरी ठेक्का तोड्न सकिनेछ।
११. कोटेशन फाराममा तोकिए बमोजिमको मालसामान बाहेक अन्य मालसामान गाउँपालिकाले स्वीकार गर्ने छैन।
१०. सामान आपूर्ति गर्दा लाग्ने भाडा आपूर्तीकर्ता स्वयंले व्यहोर्नु पर्नेछ।
११. आपूर्तिकर्ताले नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण करहरु बुझाई फरफारक लिई आएपछि मात्र उक्त कामका लागि राखिएको धरौटी रकम फिर्ता दिइनेछ।
१२. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालपालिकामा सुरक्षित रहनेछ।
१३. दरभाउपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिए बमोजिम र यस उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
१० जेठ २०८२ शनिबार
24 May 2025, Saturday

# अर्थतन्त्र सुधारका लागि ४०८ कार्ययोजना




**काठमाडौं/मस** – आर्थिक सुधार कार्यान्वयन कार्ययोजना, २०८२ जारी भएको छ । उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग, २०८१ ले दिएका सुझाव कार्यान्वयनका लागि सरकारले कार्ययोजना ल्याएको हो । गत वैशाख २ गते नेपाल सरकार मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव चुडामणि पौडेलको संयोजकत्वमा राजस्व सचिव दिनेशकुमार घिमिरे र उद्योग सचिव कृष्णबहादुर राउत सदस्य रहेको कार्ययोजना निर्माण समिति बनाइएको थियो । उक्त समितिलाई पूर्वसचिव रामेश्वरप्रसाद खनालको अध्यक्षतामा गठित उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदनले दिएका सुझावहरू कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने जिम्मेवारी दिइएको थियो । समितिले खनाल प्रतिवेदन कार्यान्वयनका लागि क्षेत्रगत तथा मन्त्रालयगत जिम्मेवारी र समयसीमासहितको कार्ययोजना तयार पारेको प्रतिवेदनमा उल्लेख छ । 'सम्बन्धित मन्त्रालयले माइलस्टोनसहित स्पष्ट र कार्यान्वयनयोग्य कार्ययोजना तयार गरी आफ्नो वार्षिक कार्यक्रममा समावेश गरेर कार्ययोजनामा उल्लिखित क्रियाकलापहरू समयमै सम्पन्न गर्नुपर्नेछ', प्रतिवेदनमा भनिएको छ, 'यस कार्ययोजनालाई आन्तरिकीकरण गरी विस्तृत कार्ययोजना तयार गरेर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनुपर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालयको हुनेछ ।'

कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहको पनि महत्वपूर्ण भूमिका रहने जनाइएको छ । अर्थतन्त्र सुधारका लागि छ महिनादेखि तीन वर्षसम्म सम्पन्न गरिसक्नुपर्ने समयसीमासहित कार्ययोजना तयार पारिएको छ । बैंकिङ प्रणालीको सञ्चालन लागत कम गर्न, क्षमता अभिवृद्धि र वित्तीय स्थायित्व काम गर्न कर्जा र निक्षेपको ब्याजदर अन्तर एक वर्षभित्र कम गरिसक्ने लक्ष्य राखिएको छ । यीलगायत कामहरू एक वर्षभित्र गरिसक्नेगरी पनि समयसीमा निर्धारण गरिएको छ । आगामी एक वर्षभित्र अर्थतन्त्रमा ब्याजदर उतारचढावलाई सम्बोधन गर्न ऋणपत्र बजारको विकास गर्ने काम पनि सकिसक्ने भनिएको छ । मुद्रास्फीति नियन्त्रणका लागि सरकारी खर्च कटौती तथा अप्रत्यक्ष करका दरहरूमा कमी ल्याउने काम पनि एक वर्षभित्र गरिसक्ने कार्ययोजनामा उल्लेख छ । भारतीय रुपैयाँसँगको विनिमय दरको विकल्पमा अध्ययन तथा अनुसन्धान गर्ने काम पनि आगामी एक वर्षभित्र गरिसक्ने सरकारको योजना छ । यस्तै, आगामी दुई वर्षभित्र विभिन्न १४ वटा ऐन खारेज गरिसक्ने पनि कार्ययोजनामा उल्लेख छ । त्यस्ता ऐनमा आयकर टिकट दस्तुर ऐन २०१९, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२, निजी वन जंगल राष्ट्रियकरण ऐन २०१३, प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०१३, क्षतिपूर्ति ऐन २०१९, बिर्ता उन्मूलन ऐन २०१६ लगायत रहेका छन् । यी ऐन खारेज गर्न समितिले सिफारिस गरेको थियो ।

यसैगरी, बिर्तावालले बिर्तामा रकम लगाई लिन खान नपाउने ऐन २०१५, राजस्व चुहावट ऐन २०५२, विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन २०२१, नेपाल एजेन्सी ऐन २०१४, प्रादेशिक विकास योजनाहरु ऐन २०१३, सामाजिक व्यवहार सुधार ऐन २०३३, नेपाली मुद्राको चलनचल्ती बढाउने ऐन २०१४ र वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ लाई आगामी दुई वर्षभित्र खारेज गरिसक्ने गरी कार्ययोजना बनाइएको छ ।

ज्येष्ठ नागरिक भत्ता पाउने उमेर ७० वर्ष कायम गर्ने तथा भत्ता पाउन राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने काम एक वर्षभित्र सकिसक्नेसमेत भनिएको छ । यस्तै, संघीय शासन प्रणाली अनुरुपको प्रशासनिक पुनःसंरचना गर्ने, प्रदेश र स्थानीय तहको खर्चलाई एकल खाता प्रणालीमा ल्याउने, तीनवटै तहका लागि एकीकृत आयोजना बैंक सूचना प्रणाली तयार गरी कार्यान्वयन गर्ने काम पनि आगामी एक वर्षभित्र गरिसक्नेगरी कार्ययोजना बनाइएको छ ।

लुम्बिनी विकास कोष र पशुपति विकास कोषजस्ता सालबसाली प्रकृतिका आयोजनालाई राष्ट्रिय गौरवका आयोजनाबाट आगामी छ महिनाभित्र हटाई सक्न भनिएको छ । मूल्य अभिवृद्धि कर ऐनमा कर छलीविरुद्धको सामान्य नियमहरूसम्बन्धी प्रावधान थप गर्ने, अन्तःशुल्क लाग्ने वस्तुहरूको संख्या क्रमशः घटाउँदै जनस्वास्थ्य र पर्यावरणमा दुष्प्रभाव पार्ने वस्तुहरूमा मात्र सीमित गर्ने काम एक वर्षभित्र गरिसक्ने भनिएको छ । प्रदेश तथा स्थानीय तहमा तिर्ने कर तथा गैरकर राजस्वलाई प्यान नम्बरसँग आबद्ध गर्ने, निर्यातमा हुने आयमा १० प्रतिशत मात्र आयकर लगाउने र सरकारको स्वामित्वमा रहेका संस्थानहरुलाई पब्लिक लिमिटेड कम्पनीमा परिणत गरी निजी क्षेत्रलाई शेयर बिक्री गर्ने काम पनि आगामी एक वर्षभित्र गरिसक्ने गरी कार्ययोजना बनाइएको छ ।

# गभर्नर डा. पौडेल र नाडाका अध्यक्ष चौधरीबीच भेटवार्ता



**काठमाडौं/मस** – शुक्रबार गभर्नर डा. विश्वनाथ पौडेल र नाडा अटोमोबाइल्स एशोसिएशन अफ नेपालका अध्यक्ष करण चौधरी बीच भेटवार्ता भएको छ । अध्यक्ष चौधरीले पौडेलसँग भेटगरी नेपालको मौद्रीक नीतिसँग सम्बन्धित अटोमोवाइल क्षेत्रका विभिन्न विषयहरूमा विस्तृत छलफल गरेका छन् ।

भेटमा अध्यक्ष चौधरीले नेपालको अटोमोबाइल उद्योगको समग्र सुधारका लागि तत्काल कार्यान्वयनयोग्य पाँच बुँदे सुझावहरू प्रस्तुत गरेका थिए । विशेषगरी वित्तीय पहुँच अभाव, विद्युतीय तथा प्रिमियम सवारी साधनमा कर्जाको व्यवहारिक अवरोध, कर्जा नीतिमा देखिएको असमञ्जस्यता र निष्पक्ष वित्त प्रणालीका लागि नियमनको आवश्यकताको विषयमा गम्भीर छलफल भएको नाडाले जनाएको छ ।

सो भेटघाट तथा छलफलको क्रममा अध्यक्ष चौधरीले अटोमोबाइल उद्योग, नेपालको राजस्व, रोजगारी, प्रविधि स्थानान्तरण र दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छ भन्दै यसलाई सबल बनाउन नीति, वित्त र व्यवहारबीच सन्तुलन अत्यावश्यक रहेको बताए । छलफलमा नाडाका उपाध्यक्ष राजनबाबु श्रेष्ठले दिर्घकालिन आर्थिक नीति तय गर्ने विषयमा नेपाल राष्ट्र बैंकको सहयोगमा नाडाले अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्ने विषयमा प्रस्ताव गरेका थिए ।

# ज्योतिको मोबाइल बैंकिङ एपबाट हवाई टिकट लिँदा क्यासब्याक




**काठमाडौं/मस** – ज्योति विकास बैंकले बैंकको मोबाइल बैंकिङ एप ज्योति स्मार्टमार्फत् हवाई टिकट खरिद गर्दा ग्राहकहरुले पाँच सय रूपैयाँ क्यासब्याक हुने भएको छ । बैंकले सर्वाधिक क्यासब्याक योजना सार्वजनिक गर्दै यस्तो अफर ल्याएको हो ।

देशभरका जुनसुकै एयरलाइन्सको हवाई टिकट खरिदमा पाँच सय रुपैयाँको सर्वाधिक क्यासब्याक प्राप्त हुनेछ । ज्योति स्मार्ट एप बाट हवाई टिकट खरिद गर्दा 'ज्योति५००' प्रोमो कोड प्रयोग गरि उक्त क्यासब्याक प्राप्त हुने बैंकले जनाएको छ ।

यस अभियान जेठ ९ गतेदेखि सीमित अवधिका लागि लागु हुनेछ । अभियान अवधिभर, ग्राहकहरूले ज्योति स्मार्ट एप प्रयोग गरी पहिलो हवाई टिकट खरिद गरेमा क्यासब्याकको सुविधा प्राप्त गर्नेछन् ।

# समृद्धि फाइनान्सका अध्यक्षको शपथ ग्रहण सम्पन्न



**काठमाडौं/मस** – समृद्धि फाइनान्स कम्पनी लिमिटेडको सञ्चालक समितिको अध्यक्षको पदमा नवनियुक्त अजयकुमार मिश्रको सपथ ग्रहण कार्यक्रम सम्पन्न भएको छ । नवनियुक्त अध्यक्ष मिश्रले नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेल समक्ष औपचारिक रूपमा पद तथा गोपनीयताको सपथ ग्रहण गरेका हुन ।

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको समृद्धि फाइनान्स कम्पनी लिमिटेडले हाल १३ वटा शाखाहरूमार्फत् सेवा दिँदै आएको छ । मोबाईल बैंकिङ, डेबिट कार्ड आरटीजीएस, आइपीएस, कनेक्ट आइपीएस, क्यूआर कोड जस्ता डिजिटल सुविधाहरू समेत प्रदान गरिरहेको छ ।

# राजविराजमा बजाजको 'ग्रान्ड एक्सचेन्ज मेला'



**काठमाडौं/मस** – बजाज मोटरसाइकलको आधिकारिक वितरक एवं बिक्रेता हंसराज हुलास चन्द एन्ड कम्पनीले राजविराजको रुपनीमा 'बजाज ग्राण्ड एक्सचेन्ज मेला' योजना ल्याएको छ । जुनसुकै मोडल र जुनसुकै ब्रान्डको मोटरसाइकलसँग बजाजका मोटरसाइकल साटासाट गर्न सकिनेगरी कम्पनीले सो मेला आयोजना गर्ने भएको हो ।

यही जेठ ११ देखि सुरु हुने यो योजना १६ गतेसम्म चल्नेछ । राजविराजको रुपनी रोड (नेपाल टेलिकमको टावर नजिकै) आयोजना हुने सो मेलामा ग्राहकहरूले मात्र नेपाली नागरिकताको आधारमा बजाजका बाइकहरू फाइनान्स गर्न सक्नेछन् । शून्य सर्भिस चार्ज, अन द स्पट फाइनान्स, थप १० हजार रुपैयाँ अतिरिक्त भ्यालुएसन, निःशुल्क एसेसरिज र आर्कषक छुट सहितको यो योजना ल्याएको कम्पनीले जनाएको छ ।

## नुवाकोट जिल्लाको राष्ट्रिय वन व्यवस्थापन आवधिक योजना सहितको रणनीतिक योजना (आ.व. २०८१/०८२ -२०८५/०८६) को वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशित मिति २०८२/०२/१०)**

बागमती प्रदेश नुवाकोट जिल्ला विदुर नगरपालिकामा वडा न २ मा रहेको डिभिजन वन कार्यालय, नुवाकोटद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | डिभिजन वन कार्यालय, नुवाकोट, बागमती प्रदेश, विदुर, नुवाकोट, dfonuwakot44@gmail.com, ९८५११४५००७, ९८५१२१४८०७ |
| प्रस्तावको व्यहोरा | नुवाकोट जिल्लाको राष्ट्रिय वन व्यवस्थापन आवधिक योजना सहितको रणनीतिक योजना (आ.व. २०८१/०८२ -२०८५/०८६) को निर्माण |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा/गा.पा. | नुवाकोट जिल्ला |

